विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्ड, २०८०

(कक्षा ९-१२)

अनिवार्य विषयहरु

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© पाठ्यक्रम विकास केन्द्र

प्रथम संस्करण : वि.सं. २०८०

प्राक्कथन

विद्यालय तहको शिक्षालाई बढी उद्देश्यमूलक, व्यावहारिक, समसामयिक एवम् सान्दर्भिक बनाउने अभिप्रायले पाठ्यक्रम परिमार्जनको कार्य निरन्तर भइरहेको छ । यसै सन्दर्भमा शिक्षक, अभिभावक, विद्यार्थी तथा विज्ञहरूबाट प्राप्त राय सुझाव; ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिर्वतन र स्थानीय आवश्यकता तथा विश्वव्यापी सन्दर्भबिच सन्तुलनको आवश्यकतालाई समेत दृष्टिगत गरी विद्यालय शिक्षा पाठ्यक्रम कक्षा ९-१२ विकास भई कार्यान्वयनमा छन् । विश्वमा भएका नवीनतम शैक्षिक परिवर्तन एवम् नेपालको वर्तमान सन्दर्भ र स्थानीय आवश्यकतालाई दृष्टिगत गरी बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने, सामाजिक न्याय प्रवर्धन गर्ने र राष्ट्र निर्माणका लागि सक्षम तथा प्रतिस्पर्धी नागरिक तयार गर्ने लक्ष्यसहित विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त तथा विद्यालय शिक्षाको मार्गचित्रमा आधारित भई माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१२) को मर्मअनुसार यो आन्तरिक मूल्याङ्कन मापदण्ड विकास गरिएको छ ।

आन्तरिक मूल्याङ्कन सिकाइ सहजीकरण प्रक्रियाका क्रममा उपयोग गरिने मूल्याङ्कन हो । यसको मुख्य प्रयोजन सिकाइ सहजीकरणका क्रममा विद्यार्थीका सिकाइ समस्या पहिचान गरेर सिकाइमा सुधार ल्याई निरन्तर पृष्ठपोषण प्राप्त गर्नु पनि हो । आन्तरिक मूल्याङ्कनमा विद्यार्थीको दैनिक उपस्थिति, कक्षाकार्य, व्यक्तिगत तथा समूहकार्य, सिर्जनात्मक कार्य, परियोजना कार्य जस्ता मूल्याङ्कनका आधारलाई प्रयोग गर्नुपर्छ । त्यसैगरी अभिभावक सम्पर्क, घटनावृत्त अभिलेख, विद्युतीय सञ्चार माध्यमबाट उपयुक्त सामग्रीको सङ्कलन र प्रस्तुतीकरण जस्ता माध्यम उपयोग गर्नुपर्छ । यसबाट प्राप्त नतिजालाई अभिलेखीकरण गरी अभिभावसँगसमेत विद्यार्थीका प्रगतिका बारेमा अन्तरक्रिया गरिनुपर्छ । बाह्य मूल्याङ्कनको मूल आधार आन्तरिक मूल्याङ्कनको नतिजा र बाह्य मूल्याङ्कनको योग हो । यस योगले नै विद्यार्थीको सिकाइ उपलब्धि स्तरको अन्तिम मापन गर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनबाट २५ प्रतिशत अङ्कभार निर्धारण गरिएको छ ।

यो मापदण्ड तयार गर्ने क्रममा महत्त्वपूर्ण सहयोग पुऱ्याउनु हुने नीति निर्माता, विज्ञ तथा विशेषज्ञ, शिक्षाविद्, प्राध्यापक, शिक्षक, विद्यार्थी एवम् सम्बन्धित सरोकारवालाहरूप्रति पाठ्यक्रम विकास केन्द्र हार्दिक कृतज्ञता व्यक्त गर्दछ । यो मापदण्डको कार्यान्वयनलाई प्रभावकारी बनाई बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय योगदानको अपेक्षा गरिएको छ । विद्यालय शिक्षाको यो पाठ्यक्रम गतिशील दस्तावेज भएकाले यसमा सुधार तथा परिमार्जन गर्दै अझ प्रभावकारी बनाउनका लागि यस केन्द्रले पाठ्यक्रम प्रयोगकर्तालगायत सम्बन्धित सबैबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरेको छ ।

वि.सं. २०८० **पाठ्यक्रम विकास केन्द्र**

विषयसूची

सि.न.	विषय	पेज न.
१.	परिचय	१
२.	नेपाली	४
३.	अङ्ग्रेजी	१८
४.	गणित	२३
५.	विज्ञान	३०
६.	सामाजिक अध्ययन/सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा	३९

आन्तरिक मूल्याङ्कन

खण्ड (क)

१. परिचय

पाठ्यक्रमको विकास, परिमार्जन तथा अद्यावधिक गर्ने कार्य निरन्तर चलिरहने प्रक्रिया हो । परिवर्तित सन्दर्भ, अध्ययन अनुसन्धानका प्रतिवेदन, शिक्षक, प्राध्यापक, विद्यार्थी, बुद्धिजीविलगायत विभिन्न सरोकारवालाबाट प्राप्त सुझाव तथा प्रतिक्रिया, विभिन्न सङ्घसंस्था र पेसासँग आबद्ध सङ्घसङ्गठनका सुझाव, सूचना तथा सञ्चारका माध्यम र नागरिक समाजबाट पाठ्यक्रमलाई सान्दर्भिक तथा समावेशी बनाउन प्राप्त सकारात्मक सल्लाहका आधारमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तयार भई नेपाल सरकारबाट स्वीकृत भएको छ । यस प्रारूपले निर्देश गरेको विद्यालय तहको पाठ्यक्रम संरचना एवम् पाठ्यक्रम विकासका मार्गदर्शक सिद्धान्त, ज्ञानको विस्तार तथा सिर्जना, सेवा क्षेत्रमा बढेको प्रतिस्पर्धा तथा राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा आएको परिवर्तनले पाठ्यक्रम परिमार्जनको आवश्यकता औँल्याएका छन् । नेपालमा विद्यालय शिक्षालाई सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्ने माध्यमका रूपमा विकास गर्नुपर्ने दृष्टिकोण रहेको छ । विद्यालय शिक्षाको उल्लिखित सन्दर्भ तथा दृष्टिकोणमा आधारित भई कक्षा ९ -१२ का लागि पाठ्यक्रम संरचना तथा सो संरचनाअनुसारका विषयगत पाठ्यक्रमहरू विकास गरिएको छ ।

माध्यमिक शिक्षाले विद्यार्थीमा ज्ञानको खोजी गरी सिकाइ र वास्तविक जीवनबिच सम्बन्ध स्थापित गर्ने, सिद्धान्त र व्यवहारको समन्वय गर्ने तथा स्वपरावर्तित हुँदै ज्ञान, सिप र क्षमतालाई अद्यावधिक गर्ने सक्षमता विकास गराउनुपर्छ । यस तहको शिक्षाले अधिकार, स्वतन्त्रता र समानताको प्रवर्धन गर्ने, आफ्नो कर्तव्यप्रति सचेत हुने, स्वस्थ जीवन शैलीको अभ्यास गर्ने, तार्किक विश्लेषण गरी निर्णय गर्ने, वैज्ञानिक विश्लेषणका आधारमा व्यक्ति, समाज र राष्ट्रको दिगो विकासमा सरिक हुने नागरिक तयार गर्न सहयोग गर्नुपर्छ । विद्यार्थीमा नैतिक आचरण प्रदर्शन गर्ने, सामाजिक सद्भावप्रति संवेदनशील हुने, पर्यावरणीय सन्तुलनप्रति संवेदनशील हुने, द्वन्द्व व्यवस्थापन गर्दै दिगो शान्तिका लागि प्रतिबद्ध रहने, आधुनिक ज्ञान, सिप, सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, स्वावलम्बी र व्यवसायमुखी सिपको अभ्यास गर्ने सक्षमताको विकास यस तहको शिक्षाका अपेक्षा हुन् । त्यसै गरी राष्ट्र, राष्ट्रियता र राष्ट्रिय आदर्शको सम्मान गर्ने, समाज स्वीकार्य आचरण र कार्य संस्कृतिको अवलम्बन गर्ने, सहिष्णुभाव राख्ने, सिर्जनशील, कल्पनाशील, उद्यमशील एवम् उच्च सोच र आदर्शमा आधारित व्यवहार गर्ने, समसामयिक चुनौतीहरूको सफल व्यवस्थापन गर्नेलगायतका विशेषताले युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने सक्षम नागरिक तयार गर्नु यस तहको शिक्षाको कार्यदिशा हो । यसका लागि कक्षा कक्षा ९ -१२ को पाठ्यक्रम संरचनालाई पुनः संरचित गर्न राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट अन्तिम रूप दिई र नेपाल सरकारबाट स्वीकृत भएको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ लाई आधार मानी माध्यमिक तह (कक्षा ९ -१२) का विभिन्न विषयका पाठ्यक्रम तोकिएका विद्यालयमा परीक्षण गरी परीक्षणका पृष्ठपोषण समेटी पाठ्यक्रम विकास गरिएको हो ।

माध्यमिक तहमा प्रयोगात्मक केही विषयबाहेक सबै विषयमा २५ प्रतिशत आन्तरिक र बाँकी ७५ प्रतिशत बाह्य मूल्याङ्नका आधारमा हुने व्यवस्था छ । सिकाइका क्रममा विद्यार्थीले प्राप्त गरेका ज्ञान, सिप, अभिवृत्ति, मूल्य र व्यवहारको निरन्तर परीक्षण गरिने प्रक्रिया नै मूल्याङ्कन हो । पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धि हासिल भए वा भएनन् भनी लेखाजोखा गर्न मूल्याङ्कन गरिन्छ । मूल्याङ्कनले मूलतः विद्यार्थीको सिकाइ उपलब्धिको स्तरलाई देखाउँछ । मूल्याङ्कन गर्दा आन्तरिक र बाह्य दुवै प्रक्रिया अवलम्बन गरी विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण गर्नुपर्छ ।

आन्तरिक मूल्याङ्कन सिकाइ सहजीकरण प्रक्रियाका क्रममा उपयोग गरिने मूल्याङ्कन हो । यसको मुख्य प्रयोजन सिकाइ सहजीकरणका क्रममा विद्यार्थीका सिकाइ समस्या पहिचान गरेर सिकाइमा सुधार ल्याई निरन्तर पृष्ठपोषण प्राप्त गर्नु पनि हो । आन्तरिक मूल्याङ्कनमा विद्यार्थीको दैनिक उपस्थिति, कक्षाकार्य, व्यक्तिगत तथा समूहकार्य, सिर्जनात्मक कार्य, परियोजना कार्य जस्ता मूल्याङ्कनका आधारलाई प्रयोग गर्नुपर्छ नसक्ने ठहर गरी आन्तरिक मूल्याङ्नको स्थानलाई सबै कक्षा र विषयमा महत्त्वपूर्ण स्थान दिएको छ

। आन्तरिक मूल्याङ्कनको प्रयोगलाई यसका प्रयोगकर्ताहरू सबैले यसको मर्मबमोजिम एकनासले बुझी प्रयोग गर्नु पर्ने हुनाले एउटा विशिष्ट मार्ग दर्शनको आवश्यकताको महसुस गरी यो मापदण्डको विकास गरिएको छ । यस मापदण्डको विकास गर्दा आन्तरिक मूल्याङ्कन गर्दा अपनाइएका अन्तर्राष्ट्रिय अभ्यास, पाठ्यक्रम विज्ञ र सम्बन्धित विषयका शिक्षकको राय सुझावलाई आधार मानिएको छ ।

२. मापदण्डको उद्देश्य

परिवर्तित पाठ्यक्रमअनुसार मूल्याङ्कनले सिकाइका लागि विद्यार्थीलाई प्रोत्साहन गर्न र सिकाइमा थप सुधारका लागि मार्ग प्रशस्त गर्न सक्ने व्यवस्था गरेको छ । कक्षाकोठाको सिकाइमा आधारित मूल्याङ्कनका प्रक्रिया, रणनीति र साधनको प्रयोग यसै अवधारणामा आधारित भई गर्नुपर्छ । यस मापदण्डको उद्देश्य देहायबमोजिम रहेको छ :

(क) विद्यार्थीको नियमित सिकाइबाट हुने उपलब्धिलाई व्यवस्थित गर्नु

(ख) वस्तुनिष्ठ बनाउनु

(ग) वैज्ञानिक तथा भरपर्दो बनाउनु

(घ) विद्यार्थी उपलब्धिलाईपारदर्शी बनाउनु

(ङ) सरलता र एकरूपता कायम गर्नु

(च) क्रियाकलापमा आधारितभई मूल्याङ्कन गर्नका लागि सहजीकरण तथा मार्गनिर्देश गर्नु

(छ) प्रयोगात्मक, सिर्जनात्मक तथा परियोजना कार्यमा थप स्पष्टता ल्याउनु

(ज) मापनलाई विशिष्टीकृत गर्दै शिक्षक र विद्यार्थी दुवैको क्षमता विकासको अवसर प्रदान गर्नु

यसका अतिरिक्त वर्षको अन्त्यमा कुनै एक पक्षलाई हेरेर सिकाइ उपलब्धि मूल्याङ्कन गर्ने परिपाटीलाई खारेज गर्दै विद्यार्थीको सिकाइ समयमा भएका उपलब्धिको मूल्याङ्कनलाई तत्काल अभिलेखीकरण गर्ने प्रबन्धले मूल्याङ्कनको विश्वसनियतामा वृद्धि हुने अपेक्षा गरेको छ । यसले स्वाध्यायलाई समेत प्रोत्साहन गर्दै सिकाइ मूल्याङ्कनका आधारमा स्पष्टता प्रदान गरेको छ । यसबाट विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्नका लागि शिक्षकलाई बढी सिर्जनशील बन्ने आधार उपलब्ध गराई सिकाइ समस्या भएका विद्यार्थीको सुधारात्मक शिक्षणमार्फत सिकाइ उपलब्धिमा वृद्धि हुने अपेक्षा गरिएको छ ।

३. मूल्याङ्कनका साधनका विशेषता

विद्यार्थी मूल्याङ्कनका साधनमा देहायका पक्ष अन्तर्निहित रहनु आवश्यक छ :

(क) विषयवस्तुमा आधारित वैधता (Content validity)
(ख) विश्वसनियता Reliability)
(ग) निष्पक्षता (Fairness)
(घ) विद्यार्थी सहभागिता र उत्प्रेरणा (Student engagement and motivation)
(ङ) परिणामात्क सान्दर्भिकता (Consequential relevance)

४. आन्तरिक मूल्याङ्कन मापदण्ड विकास गर्दा अपनाइएका प्रावधान

(क) विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र सम्बन्धित कक्षा र विषयको पाठ्यक्रमभित्र रहेर आन्तरिक मूल्याङ्कनका आधार बनाइएको छ ।

(ख) पाठ्यक्रममा उल्लेख गरिएका आन्तरिक मूल्याङ्कनका आधारलाई सूक्ष्म रूपमा प्रस्तुत गरी व्याख्यासहित सजिलैसँग बुझ्न र मापन गर्न सकिने गरी पारदर्शी बनाइएको छ ।

(ग) यस प्रावधानले विद्यार्थी स्वयम्ले पनि आफूले के कार्य गर्दा वा कुन सिपको विकास गरेमा कस्तो नतिजा प्राप्त हुने रहेछ भनी स्वमूल्याङ्कन गर्न सक्ने व्यवस्था गरिएको छ ।

(घ) शिक्षकलाई वर्षको एक पटकमात्र आन्तरिक मूल्याङ्कन गर्ने परिपाटीलाई पूर्ण रूपमा खारेज गरी हरेक त्रैमासिकको बिच बिचमा विद्यार्थी सिकाइको मूल्याङ्कन गरी थप सिकाइको अभ्यास गर्न मदत पुऱ्याएको छ ।

(ङ) यस निर्देशिकाले विद्यालय तहका विभिन्न विषयमा आन्तरिक मूल्याङ्कन गर्दा अपनाइने केही साझा अभ्यास र विषयगत विभिन्नताका आधारमा केही फरक अभ्याससमेतलाई स्थान दिइएको छ ।

(च) प्रत्येक विषयमा सबै एकाइलाई आन्तरिक मूल्याङ्कनले सम्बोधन गर्ने व्यवस्था मिलाइएको छ ।

(छ) आन्तरिक मूल्याङ्कन गर्दा विद्यार्थीलाई परीक्षाको भयबाट मुक्त गराउन सिकाइ सहजीकरण क्रियाकलापसँगै अभ्यास गर्ने व्यवस्था मिलाइएको छ ।

(ज) प्रयोगात्मक, सिर्जनात्मक वा परियोजना कार्यमार्फत आन्तरिक मूल्याङ्कन गर्दा एउटा त्रैमासिकमा पढाइ हुने पाठहरूको मूल्याङ्कन त्यही अवधिमा मात्र गरिने गरि प्रबन्ध मिलाइएको छ ।

५. आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनको २५% अङ्क भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ । आन्तरिक मूल्याङ्कनलाई अभिलेखीकरण गर्नुपर्छ । प्रत्येक विद्यार्थीको कार्यसञ्चयिकालाई अद्यावधिक गरी व्यवस्थापन गर्नुपर्छ । निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

क्र.स	मूल्याङ्कनका क्षेत्र	अङ्क भार
१.	उपस्थिति र कक्षा सहभागिता	३
२.	प्रयोगात्मक/ परियोजना कार्य र सिर्जनात्मक कार्य र प्रस्तुति	१६
३	त्रैमासिक परीक्षा	६
जम्मा		**२५**

खण्ड (ख)
विषय : नेपाली (कक्षा ९-१०)

परिचय

भाषा सिकाइका क्रममा विद्यार्थीले प्राप्त गरेका ज्ञान, सिप, अभिवृत्ति, मूल्य र व्यवहारको निरन्तर परीक्षण गरिने प्रक्रिया नै भाषिक मूल्याङ्कन हो । पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धि हासिल भए वा भएनन् भनी लेखाजोखा गर्न मूल्याङ्कन गरिन्छ । भाषिक मूल्याङ्कनले मूलतः विद्यार्थीको भाषिक सिप, भाषिक संरचना र शब्दभण्डारको सिकाइ उपलब्धिको स्तरलाई देखाउँछ । मूल्याङ्कन गर्दा आन्तरिक र बाह्य दुवै प्रक्रिया अवलम्बन गरी विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण गर्नुपर्छ ।

आन्तरिक मूल्याङ्कन सिकाइ सहजीकरण प्रक्रियाका क्रममा उपयोग गरिने मूल्याङ्कन हो । यसको मुख्य प्रयोजन सिकाइ सहजीकरणका क्रममा विद्यार्थीका सिकाइ समस्या पहिचान गरेर सिकाइमा सुधार ल्याई निरन्तर पृष्ठपोषण प्राप्त गर्नु पनि हो । आन्तरिक मूल्याङ्कनमा विद्यार्थीको दैनिक उपस्थिति, कक्षाकार्य, व्यक्तिगत तथा समूहकार्य, सिर्जनात्मक कार्य, परियोजना कार्य जस्ता मूल्याङ्कनका आधारलाई प्रयोग गर्नुपर्छ । सुनाइ र बोलाइ सिपअन्तर्गत श्रुतिबोध र श्रुतिलेखन, सुनाइका आधारमा प्रश्नोत्तर, विषयवस्तु वा चित्र वर्णन, कथाकथन, घटना, पात्र र परिवेशको वर्णन, भाषिक प्रकार्यमा आधारित संवाद तथा पढाइ सिपअन्तर्गत सस्वरवाचन जस्ता सिपसम्बद्ध क्रियाकलाप गराउनुपर्छ । त्यसैगरी अभिभावक सम्पर्क, घटनावृत्त अभिलेख, विद्युतीय सञ्चार माध्यमबाट उपयुक्त सामग्रीको सङ्कलन र प्रस्तुतीकरण जस्ता माध्यम उपयोग गर्नुपर्छ । यसबाट प्राप्त नतिजालाई अभिलेखीकरण गरी अभिभावसँगसमेत विद्यार्थीका प्रगतिका बारेमा अन्तरक्रिया गरिनुपर्छ ।

आन्तरिक मूल्याङ्कनपछि गरिने मूल्याङ्कन बाह्य मूल्याङ्कन हो । प्रत्येक शैक्षिक सत्रको अन्त्यमा अन्तिम परीक्षामार्फत बाह्य मूल्याङ्कन गर्नुपर्छ । बाह्य मूल्याङ्कनबाट विद्यार्थीको पढाइ र लेखाइ सिपको उपलब्धि स्तर निर्धारण गरी कक्षोन्नतिका बारेमा निर्णय लिइन्छ । बाह्य मूल्याङ्कनको मूल आधार आन्तरिक मूल्याङ्कनको नतिजा र बाह्य मूल्याङ्कनको योग हो । यस योगले नै विद्यार्थीको सिकाइ उपलब्धिको अन्तिम स्तर निर्धारण गर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनबाट २५ प्रतिशत र बाह्य मूल्याङ्कनबाट ७५ प्रतिशत अङ्कभार निर्धारण गरिएको छ । आन्तरिक मूल्याङ्कनका लागि छुट्याइएको अङ्कभारको विस्तृतीकरण निम्नानुसार छ :

माध्यमिक तह कक्षा ९ र १० को आन्तरिक मूल्याङ्कनका आधार

क्र.स	मूल्याङ्कनका क्षेत्र	मूल्याङ्कनका क्षेत्रको विस्तृतीकरण	अङ्कभार	जम्मा अङ्कभार
१.	**उपस्थिति र कक्षा सहभागिता**	उपस्थिति	१	३
		कक्षा सहभागिता	२	
२.	**(क) सुनाइ, बोलाइ र पढाइ**	निर्दिष्ट विषयवस्तुमा आधारित श्रुतिलेखन	२	१६
		पाठ्यसामग्री सुनाइका आधारमा प्रश्नोत्तर	२	
		सान्दर्भिक विषयवस्तु वा चित्रको मौखिक प्रतिक्रिया तथा वर्णन	२	
		कथाकथन, घटना, पात्र र परिवेशको वर्णन	२	
		भाषिक प्रकार्यमा आधारित संवाद, मौखिक वर्णन र प्रतिक्रिया	२	
		सस्वरवाचन	२	
	(ख) सिर्जनात्मक कार्य र परियोजना कार्य तथा प्रस्तुति	सिर्जनात्मक कार्य	२	
		परियोजना कार्य र प्रस्तुति	२	
३.	**त्रैमासिक परीक्षा**	त्रैमासिक परीक्षा	६	६
		जम्मा		२५

१. सहभागिताको मूल्याङ्कन

सहभागिताबापतको ३ अङ्कभारलाई विद्यार्थीको हाजिरी/उपस्थिति र सिकाइ क्रियाकलापमा सहभागिता तथा सक्रियताको आधारमा मूल्याङ्कन गर्नुपर्छ । सहभागिताबापतको ३ अङ्कभारअन्तर्गत हाजिरी/उपस्थितिबापत १ अङ्कभार र सिकाइ क्रियाकलापमा सहभागिता र सक्रियताबापत २ अङ्कभारमा रुब्रिक्सको आधारमा मूल्याङ्कन गर्नुपर्ने छ। सहभागिताबापत मूल्याङ्कन गर्दा निम्न रुब्रिक्सको प्रयोग गर्न सकिने छ।

सहभागिता (उपस्थिति र सिकाइमा सक्रियता र सहभागिता) : ३ अङ्कभार

१. सहभागिता (उपस्थिति र सिकाइमा सक्रियता र सहभागिता) : ३ अङ्कभार					
क्षेत्र	**आधार**	**व्याख्या**	**मापन स्केल**	**अङ्कभार वितरण**	**प्राप्ताङ्क**
१.	उपस्थिति	९० प्रतिशत र सो भन्दा भन्दा बढी उपस्थिति भएमा	सर्वोत्कृष्ट	१	
		८५ प्रतिशत र सो भन्दा बढी तर ९० प्रतिशतभन्दा कम उपस्थिति भएमा	उत्कृष्ट	०.७५	
		८० प्रतिशत र सो भन्दा बढी तर ८५ प्रतिशतभन्दा कम उपस्थिति भएमा	मध्यम	०.५०	
		७५ प्रतिशत र सो भन्दा बढी तर ८० प्रतिशतभन्दा कम उपस्थिति भएमा	सामान्य	०.२५	
२.	सिकाइमा सक्रियता र सहभागिता	सिकाइमा जिज्ञासा राखेमा, समूह छलफल र अन्तर्क्रियामा सक्रियतापूर्वक भाग लिएमा, आफ्ना विचार निर्बाध र स्वतन्त्र रूपमा प्रस्तुत गरेमा, दिइएका सम्पूर्ण कार्य स्वयम्ले पूरा गरेमा	सर्वोत्कृष्ट	२	
		सिकाइमा जिज्ञासा राखेमा, समूह छलफल र अन्तर्क्रियामा कम सक्रियतापूर्वक भाग लिएमा, आफ्ना विचार स्वतन्त्र रूपमा प्रस्तुत गरेमा, दिइएका अधिकांश कार्य पूरा गरेमा	उत्कृष्ट	१.५	
		सिकाइमा कम जिज्ञासा राखेमा, समूह छलफल र अन्तर्क्रियामा निर्देशनअनुसार भाग लिएमा, आफ्ना विचार आंशिक रूपमा मात्र प्रस्तुत गरेमा, दिइएका कार्य आधा मात्र पूरा गरेमा	मध्यम	१	
		सिकाइप्रति उदासीन रहेमा, समूह छलफल र अन्तर्क्रियामा सक्रियता नदेखाएमा, आफ्ना विचार प्रस्तुत गर्न साथी वा शिक्षकको सहयोग चाहिएमा, अरूको सहयोगमा दिइएका कार्य पूरा गरेमा	सामान्य	०.५	
जम्मा प्राप्ताङ्क					

२. (क) सुनाइ, बोलाइ र पढाइ भाषिक सिपको मूल्याङ्कन (१२ अङ्कभार)

आन्तरिक मूल्याङ्कनका क्रममा सुनाइ र बोलाइ, सुनाइ र लेखाइ, चित्र र विषयवस्तुमा आधारित बोलाइ, पढाइ सिपसम्बद्ध क्रियाकलाप गराउनुपर्छ । सुनाइ सिपको ४ अङ्कभारलाई विषयवस्तुमा आधारित श्रुतिलेखनवापत् २ अङ्क र पाठ्यसामग्री सुनाइमा आधारित मौखिक प्रश्नोत्तरवापत् २ अङ्कमा विभाजन गरी रुब्रिक्सका आधारमा मूल्याङ्कन गनुपर्छ । बोलाइ सिपको ६ अङ्कभारलाई सान्दर्भिक विषयवस्तु वा चित्रको मौखिक प्रतिक्रिया तथा वर्णनवापत् २ अङ्क, कथाकथन (विषयवस्तु, घटना, पात्र, परिवेश, सन्देश) वापत् २ अङ्क र भाषिक प्रकार्यमा आधारित प्रस्तुतिवापत् २ अङ्कमा विभाजन गरी रुब्रिक्सका आधारमा मूल्याङ्कन गर्नुपर्छ । पढाइ सिपको २ अङ्कभारलाई कुनै पत्रपत्रिका वा कुनै लिखित सामग्रीबाट १५० शब्दसम्मको गद्यांश वा पद्यांश दिएर गति, यति, लय मिलाएर भावानुकूल सस्वरवाचन गर्न लगाई रुब्रिक्सका आधारमा मूल्याङ्कन गनुपर्छ तर रुब्रिक्समा उल्लेखित पक्षलाइ

समेटी निर्दिष्ट कार्य गरेता पनि त्यसको गुणस्तर पक्ष कमजोर लागेमा शिक्षकले स्वविवेक प्रयोग गर्नुपर्ने छ । प्रत्येक पाठ सिकाइ सहजीकरणका क्रममा सुनाइ, बोलाइ, पढाइसम्बद्ध मूल्याङ्कन गर्न सकिने छ ।

सुनाइ, बोलाइ र पढाइ **अङ्कभार १२**				
मूल्याङ्कनका आधार	**परीक्षणीय पक्ष**	**व्याख्या**	**मापन स्केल**	**अङ्क वितरण**
निर्दिष्ट विषयवस्तुमा आधारित श्रुतिलेखन	१०० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्न लगाउने	१०० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्दा वर्णविन्यास र लेख्य चिह्नमा ५ ओटा वा सोभन्दा कम त्रुटि गरेमा	सर्वोत्कृष्ट	२
		१०० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्दा वर्णविन्यास र लेख्य चिह्नमा १० ओटा वा सोभन्दा कम त्रुटि गरेमा	उत्कृष्ट	१.५
		१०० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्दा वर्णविन्यास र लेख्य चिह्नमा १५ ओटा वा सोभन्दा कम त्रुटि गरेमा	मध्यम	१
		१०० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्दा वर्णविन्यास र लेख्य चिह्नमा १५ ओटाभन्दा बढी त्रुटि गरेमा	सामान्य	०.५
पाठ्यसामग्री सुनाइका आधारमा प्रश्नोत्तर	पाठ्यपुस्तकका सुनाइ पाठ सुनेर मौखिक उत्तर दिन लगाउने	पाठ्यपुस्तकमा दिइएका सुनाइ पाठ सुनेर विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकतामा आधारित भई स्वतन्त्र र मौलिक रूपमा सबै प्रश्नको उत्तर दिएमा	सर्वोत्कृष्ट	२
		पाठ्यपुस्तकमा दिइएका सुनाइ पाठ सुनेर विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकतामा आधारित भई स्वतन्त्र रूपमा अधिकांश प्रश्नको उत्तर दिएमा	उत्कृष्ट	१.५
		पाठ्यपुस्तकमा दिइएका सुनाइ पाठ सुनेर विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकतामा आधारित भई सोधिएकामध्ये आधा प्रश्नको उत्तर दिएमा	मध्यम	१
		पाठ्यपुस्तकमा दिइएका सुनाइ पाठ सुनेर विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकतामा आधारित भई सोधिएकामध्ये आंशिक प्रश्नको उत्तर दिएमा	सामान्य	०.५
सान्दर्भिक विषयवस्तु वा चित्रको मौखिक प्रतिक्रिया तथा वर्णन	कुनै विषयवस्तु वा चित्र दिएर मौखिक प्रतिक्रिया दिन वा वर्णन गर्न लगाउने	दिइएको कुनै विषयवस्तु वा चित्रका बारेमा स्पष्टता, प्रस्तुति शैली, शुद्धोच्चारण र हाउभाउसहित मौलिक र स्वतन्त्र रूपमा सिलसिलाबद्ध मौखिक प्रतिक्रिया दिएमा वा वर्णन गरेमा	सर्वोत्कृष्ट	२
		दिइएको कुनै विषयवस्तु वा चित्रका बारेमा स्पष्टता, प्रस्तुति शैली, शुद्धोच्चारण र हाउभाउसहित स्वतन्त्र रूपमा सिलसिलाबद्ध मौखिक प्रतिक्रिया दिएमा वा वर्णन गरेमा	उत्कृष्ट	१.५
		दिइएको कुनै विषयवस्तु वा चित्रका बारेमा स्पष्टता, प्रस्तुति शैली, शुद्धोच्चारण र हाउभाउसहित आंशिक रूपमा मौखिक	मध्यम	१

		प्रतिक्रिया दिएमा वा वर्णन गरेमा		
		दिइएको कुनै विषयवस्तु वा चित्रका बारेमा स्पष्टता, प्रस्तुति शैली, शुद्धोच्चारण र हाउभाउसहित मौखिक प्रतिक्रिया दिन वा वर्णन गर्न कठिनाइ भएमा	सामान्य	०.५
कथाकथन (विषयवस्तु, घटना, पात्र, परिवेश, सन्देश)	विद्यार्थीलाई कुनै कथा सुन्न वा पढ्न लगाएर मौखिक प्रस्तुति गर्न लगाउने	आफूले सुनेका वा पढेका कुनै कथा स्पष्टसँग सिलसिला, शैली र हाउभाउ मिलाई मौलिक र स्वतन्त्र रूपमा प्रस्तुत गरेमा	सर्वोत्कृष्ट	२
		आफूले सुनेका वा पढेका कुनै कथा स्पष्टसँग सिलसिला, शैली र हाउभाउ मिलाई स्वतन्त्र रूपमा प्रस्तुत गरेमा	उत्कृष्ट	१.५
		आफूले सुनेका वा पढेका कुनै कथा स्पष्टसँग सिलसिला, शैली र हाउभाउ मिलाई आंशिक रूपमा प्रस्तुत गरेमा	मध्यम	१
		आफूले सुनेका वा पढेका कुनै कथा स्पष्टसँग सिलसिला, शैली र हाउभाउ मिलाई प्रस्तुत गर्न कठिनाइ भएमा	सामान्य	०.५
भाषिक प्रकार्यमा आधारित प्रस्तुति	पाठ्यपुस्तकभित्रका भाषिक प्रकार्यका अभ्यास गराएर मूल्याङ्कन गर्ने	निर्दिष्ट भाषिक प्रकार्यमा आधारित भई शुद्ध, स्पष्ट, सिलसिलाबद्ध र हाउभाउसहित विषयवस्तुको मौलिक र स्वतन्त्र रूपमा प्रस्तुति दिएमा	सर्वोत्कृष्ट	२
		निर्दिष्ट भाषिक प्रकार्यमा आधारित भई शुद्ध, स्पष्ट, सिलसिलाबद्ध र हाउभाउसहित विषयवस्तुको स्वतन्त्र रूपमा प्रस्तुति दिएमा	उत्कृष्ट	१.५
		निर्दिष्ट भाषिक प्रकार्यमा आधारित भई शुद्ध, स्पष्ट, सिलसिलाबद्ध र हाउभाउसहित विषयवस्तुको आंशिक रूपमा प्रस्तुति दिएमा	मध्यम	१
		निर्दिष्ट भाषिक प्रकार्यमा आधारित भई शुद्ध, स्पष्ट, सिलसिलाबद्ध र हाउभाउसहित विषयवस्तुको प्रस्तुति दिन कठिनाइ भएमा	सामान्य	०.५
सस्वरवाचन	कुनै पत्रपत्रिका वा कुनै लिखित सामग्री (दृष्टांश) बाट १५० शब्दसम्मको गद्यांश वा पद्यांश दिएर गति, यति, लय मिलाई भावानुकूल सस्वरवाचन गर्न लगाउने	१५० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश (दृष्टांश) गति, यति, लय, भाव, हाउभाउसहित शुद्धसँग तोकिएको समयमा सस्वरवाचन गरेमा	सर्वोत्कृष्ट	२
		१५० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश (दृष्टांश) गति, यति, लय, भाव, हाउभाउ, शुद्धता र समयमध्ये अधिकांश पक्ष समेटी सस्वरवाचन गरेमा	उत्कृष्ट	१.५
		१५० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश (दृष्टांश) गति, यति, लय, भाव, हाउभाउ, शुद्धता र समयमध्ये आशिंक पक्ष समेटी सस्वरवाचन गरेमा	मध्यम	१
		१५० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश (दृष्टांश) गति, यति, लय, भाव, हाउभाउ, शुद्धता र समय जस्ता तोकिएका पक्ष समेटी सस्वरवाचन गर्न कठिनाइ भएमा	सामान्य	०.५

(ख) सिर्जनात्मक र परियोजना कार्यको मूल्याङ्कन (४ अङ्क)

आन्तरिक मूल्याङ्कनका क्रममा सिर्जनात्मक कार्य र परियोजना कार्यसम्बद्ध क्रियाकलाप गराउनुपर्छ । सिर्जनात्मक कार्यको २ अङ्कभारलाई कथा/ कविता/ निबन्ध/ जीवनी/ संवाद/एकाङ्की/वक्तृता/मनोवाद/ दैनिकी/ वादविवादमा निर्देशित र स्वतन्त्र रचना गराउनुपर्छ । परियोजना कार्यको २ अङ्कभारलाई भाषिक सिप विकास सम्बद्ध कुनै लेख/रचना सङ्कलन गरी त्यसका मुख्य विषयवस्तु, घटना र निष्कर्ष प्रस्तुतीकरण गर्न लगाउनुपर्छ । सिर्जनात्मक र परियोजना कार्यको मूल्याङ्कन गर्दा रुब्रिक्सका आधारमा उपलब्धि स्तर मापन गर्नुपर्छ तर रुब्रिक्समा उल्लेखित पक्षलाइ समेटी निर्दिष्ट कार्य गरेता पनि त्यसको गुणस्तर पक्षमा कमजोर लागेमा शिक्षकले स्वविवेक प्रयोग गर्नुपर्ने छ ।

सिर्जनात्मक कार्य र परियोजना कार्य अङ्कभार ४					
मूल्याङ्कनका आधार	**परीक्षणीय पक्ष**	**व्याख्या**	**मापन स्केल**	**अङ्कभार वितरण**	**प्राप्ताङ्क**
सिर्जनात्मक कार्य	विधागत संरचनाको पूर्ण प्रयोग गरी कथा/ कविता/ निबन्ध/ जीवनी/ संवाद/एकाङ्की/वक्तृता/मनोवाद/ दैनिकी/ वादविवादमा निर्देशित र स्वतन्त्र रचना गर्न लगाउने	निर्दिष्ट शीर्षकमा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला र सिर्जनात्मक प्रस्तुतिसहित स्तरीय मौलिक रचना गरेमा	सर्वोत्कृष्ट	२	
		निर्दिष्ट शीर्षकमा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला र सिर्जनात्मक प्रस्तुतिसहित मौलिक रचना गरेमा	उत्कृष्ट	१.५	
		निर्दिष्ट शीर्षकमा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला र सिर्जनात्मक पक्षमध्ये आंशिक पक्ष मात्र समेटी रचना गरेमा	मध्यम	१	
		निर्दिष्ट शीर्षकमा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला र सिर्जनात्मक पक्ष समेटी रचना गर्न कठिनाइ भएमा	सामान्य	०.५	
परियोजना कार्य	भाषिक सिप विकास सम्बद्ध कुनै लेख/रचना सङ्कलन गरी त्यसका मुख्य विषयवस्तु, घटना र निष्कर्ष प्रस्तुतीकरण गर्न लगाउने	भाषिक सिप विकास सम्बद्ध कुनै लेख/रचना सङ्कलन गरी त्यसका मुख्य विषयवस्तु, मूलभाव, घटना, पात्र, परिवेश र निष्कर्ष हाउभाउसहित प्रस्तुतीकरण गरेमा	सर्वोत्कृष्ट	२	
		भाषिक सिप विकास सम्बद्ध कुनै लेख/रचना सङ्कलन गरी त्यसका मुख्य विषयवस्तु, मूलभाव, घटना, पात्र, परिवेश र निष्कर्षमध्ये अधिकांश पक्ष समेटी हाउभाउसहित प्रस्तुतीकरण गरेमा	उत्कृष्ट	१.५	
		भाषिक सिप विकास सम्बद्ध कुनै लेख/रचना सङ्कलन गरी त्यसका मुख्य विषयवस्तु, मूलभाव, घटना, पात्र, परिवेश र निष्कर्षमध्ये आशिंक पक्ष समेटी हाउभाउसहित प्रस्तुतीकरण गरेमा	मध्यम	१	
		भाषिक सिप विकास सम्बद्ध कुनै लेख/रचना सङ्कलन गरी त्यसका मुख्य विषयवस्तु, मूलभाव, घटना, पात्र, परिवेश र निष्कर्ष जस्ता पक्ष समेटी हाउभाउसहित प्रस्तुतीकरण गर्न कठिनाइ भएमा		०.५	
	द्रष्टव्य : सिर्जनात्मक र परियोजना कार्य गराउँदा तोकिएका विधामध्येबाट प्रत्येक त्रैमासिकमा विधा नदोहोरिने गरी गराउनुपर्छ ।				

३. त्रैमासिक परीक्षा

तीन महिनाको पठनपाठनपश्चात् संज्ञात्मक क्षेत्रका सिकाइ उपलब्धिको लेखाजोखा गर्नका लागि विशिष्टीकरण तालिकाका आधारमा सबै तह र प्रकारका प्रश्न तयार गर्नुपर्ने छ । पहिलो त्रैमासिक परीक्षा ७५ पूर्णाङ्कको लिन सकिने छ तर त्यसलाई ६ अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ । त्यसै गरी दोस्रो त्रैमासिक परीक्षा ७५ पूर्णाङ्कमा लिनुपर्ने छ र त्यसलाई पनि ६ अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ । दोस्रो त्रैमासिक (अर्धवार्षिक) परीक्षा लिदा सुरु एकाइदेखि पठनपाठन भएका एकाइसम्मका सबै एकाइबाट विशिष्टीकरण तालिकाअनुसार प्रश्न सोध्नुपर्ने छ । त्रैमासिक परीक्षा विद्यार्थीको सिकाइ सुधारका लागि आन्तरिक मूल्याङ्कनका रूपमा लिनुपर्ने छ ।

आन्तरिक मूल्याङ्कनका लागि ध्यान दिनुपर्ने पक्ष

आन्तरिक मूल्याङ्कनका लागि प्रत्येक त्रैमासिक वा वार्षिक रूपमा मूल्याङ्कन गर्दा तोकिएको पूर्णाङ्कमा गर्ने । जस्तै : सहभागिताको ३ अङ्कभार, भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ) र सिर्जनात्मक र परियोजना कार्यका लागि १६ अङ्कभार र त्रैमासिकका लागि ६ अङ्कभार ।

१. सहभागिताबापतको ४ अङ्कभारका लागि

(क) पहिलो त्रैमासिक अवधिसम्मको सहभागिता वापत ३ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ख) दोस्रो त्रैमासिक अवधिको लागि सहभागिता वापत ३ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ग) दोस्रो त्रैमासिक अवधि पश्चात्को अवधिको लागि सहभागिता वापत ३ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्कको अभिलेखीकरण गर्ने

(घ) सहभागिता वापतको वार्षिक अङ्कभार ३ भएकाले माथि उल्लिखित (क), (ख) र (ग) मा प्राप्त अङ्कलाई जोडेर ३ ले भाग गर्दा वार्षिक ३ अङ्कभारमा विद्यार्थीले प्राप्त गरेको सहभागिता वापतको अङ्क प्राप्त हुन्छ । उदाहरणका लागि पहिलो त्रैमासिकमा कुनै विद्यार्थीले सहभागितावापत २ अङ्क, दोस्रो त्रैमासिकको अवधिमा सहभागितावापत ३ अङ्क र दोस्रो त्रैमासिक पश्चात्को अवधिमा सहभागितावापत २.५ प्राप्त गरेमा वार्षिक रूपमा उक्त विद्यार्थीले २®३®२.५ =७.५/३ = २.५ अङ्क प्राप्त गर्छ ।

२. भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ) र सिर्जनात्मक र परियोजना कार्यको मूल्याङ्कनका लागि

(क) पहिलो त्रैमासिक अवधिसम्ममा जति पाठ पढाइ हुन्छ ती पाठमा आधारित भएर भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) र सिर्जनात्मक र परियोजना कार्यअन्तर्गत तोकिएका मूल्याङ्कनका आधारअनुसार मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ख) दोस्रो त्रैमासिक अवधिसम्ममा जति पाठ पढाइ हुन्छ ती पाठमा आधारित भएर भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) र सिर्जनात्मक र परियोजना कार्यअन्तर्गत तोकिएका मूल्याङ्कनका आधारअनुसार मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ग) तेस्रो त्रैमासिक अवधिसम्ममा जति पाठ पढाइ हुन्छ ती पाठमा आधारित भएर भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) र सिर्जनात्मक र परियोजना कार्यअन्तर्गत तोकिएका मूल्याङ्कनका आधारअनुसार मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(घ) वार्षिक रूपमा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) र सिर्जनात्मक र परियोजना कार्यको अभिलेखीकरण गर्दा

पहिलो त्रैमासिक अवधिमा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) र सिर्जनात्मक र परियोजना कार्यको मूल्याङ्कन गर्दा प्राप्त गरेको अङ्क राख्ने । जस्तै : पहिलो त्रैमासिकमा कुनै विद्यार्थीको १६ मा १४ अङ्क प्राप्त भयो ।

दोस्रो त्रैमासिक अवधिमा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) र सिर्जना र परियोजना कार्यको मूल्याङ्कन गर्दा प्राप्त गरेको अङ्क राख्ने । जस्तै : दोस्रो त्रैमासिकमा कुनै विद्यार्थीको १६ मा १५ अङ्क प्राप्त भयो ।

तेस्रो त्रैमासिक अवधिमा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) र सिर्जनात्मक र परियोजना कार्यको मूल्याङ्कन गर्दा प्राप्त गरेको अङ्क राख्ने । जस्तै : तेस्रो त्रैमासिकमा कुनै विद्यार्थीको १६ मा १३ अङ्क प्राप्त भयो ।

तीनओटै त्रैमासिकको औसत अङ्क निकाल्ने, जस्तै : १४+१५+१३ = ४२/३ = १४ अङ्क प्राप्त भयो ।

३. त्रैमासिक परीक्षाका लागि

संज्ञानात्मक क्षेत्रका सिकाइ उपलब्धिको मापन गर्न त्रैमासिक परीक्षा र बाह्य/अन्तिम परीक्षा कायम गरिएको छ । त्रैमासिक परीक्षाका लागि जम्मा अङ्कभार ६ भएकाले पहिलो र दोस्रो त्रैमासिक परीक्षा ६/६ अङ्कभार नै गर्नुपर्ने हुन्छ । जति बढी अङ्कभारमा परीक्षा सञ्चालन गरियो अर्थात् जति धेरै विषयवस्तुलाई समेटी परीक्षा सञ्चालन गरियो त्यति बढी विषयगत वैधता हुने भएकाले पहिलो त्रैमासिक परीक्षाका लागि ७५ पूर्णाङ्कमा परीक्षा सञ्चालन गरी तोकिएको ६ अङ्कभारमा रूपान्तरण गर्ने र दोस्रो त्रैमासिक परीक्षाका लागि ७५ पूर्णाङ्कमा परीक्षा सञ्चालन गरी तोकिएको ६ अङ्कभारमा रूपान्तरण गर्नुपर्छ ।

विषय : नेपाली (कक्षा ११–१२)

परिचय

भाषा सिकाइका क्रममा विद्यार्थीले प्राप्त गरेका ज्ञान, सिप, अभिवृत्ति, मूल्य र व्यवहारको निरन्तर परीक्षण गरिने प्रक्रिया नै भाषिक मूल्याङ्कन हो । पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धि हासिल भए वा भएनन् भनी लेखाजोखा गर्न मूल्याङ्कन गरिन्छ । भाषिक मूल्याङ्कनले मूलतः विद्यार्थीको भाषिक सिप, भाषिक संरचना र शब्दभण्डारको सिकाइ उपलब्धिको स्तरलाई देखाउँछ । मूल्याङ्कन गर्दा आन्तरिक र बाह्य दुवै प्रक्रिया अवलम्बन गरी विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण गर्नुपर्छ ।

आन्तरिक मूल्याङ्कन सिकाइ सहजीकरण प्रक्रियाका क्रममा उपयोग गरिने मूल्याङ्कन हो । यसको मुख्य प्रयोजन सिकाइ सहजीकरणका क्रममा विद्यार्थीका सिकाइ समस्या पहिचान गरेर सिकाइमा सुधार ल्याई निरन्तर पृष्ठपोषण प्राप्त गर्नु पनि हो । आन्तरिक मूल्याङ्कनमा विद्यार्थीको दैनिक उपस्थिति, कक्षाकार्य, व्यक्तिगत तथा समूहकार्य, सिर्जनात्मक कार्य, परियोजना कार्य जस्ता मूल्याङ्कनका आधारलाई प्रयोग गर्नुपर्छ । सुनाइ र बोलाइ सिपअन्तर्गत श्रुतिबोध र श्रुतिलेखन, सुनाइका आधारमा प्रश्नोत्तर, विषयवस्तु वा चित्र वर्णन, कथाकथन, घटना, पात्र र परिवेशको वर्णन, भाषिक प्रकार्यमा आधारित संवाद तथा पढाइ सिपअन्तर्गत सस्वरवाचन जस्ता सिपसम्बद्ध क्रियाकलाप गराउनुपर्छ । त्यसैगरी अभिभावक सम्पर्क, घटनावृत्त अभिलेख, विद्युतीय सञ्चार माध्यमबाट उपयुक्त सामग्रीको सङ्कलन र प्रस्तुतीकरण जस्ता माध्यम उपयोग गर्नुपर्छ । यसबाट प्राप्त नतिजालाई अभिलेखीकरण गरी अभिभावसँगसमेत विद्यार्थीका प्रगतिका बारेमा अन्तरक्रिया गरिनुपर्छ ।

आन्तरिक मूल्याङ्कनपछि गरिने मूल्याङ्कन बाह्य मूल्याङ्कन हो । प्रत्येक शैक्षिक सत्रको अन्त्यमा अन्तिम परीक्षामार्फत बाह्य मूल्याङ्कन गर्नुपर्छ । बाह्य मूल्याङ्कनबाट विद्यार्थीको पढाइ र लेखाइ सिपको उपलब्धि स्तर निर्धारण गरी कक्षोन्नतिका बारेमा निर्णय लिइन्छ । बाह्य मूल्याङ्कनको मूल आधार आन्तरिक मूल्याङ्कनको नतिजा र बाह्य मूल्याङ्कनको योग हो । यस योगले नै विद्यार्थीको सिकाइ उपलब्धि स्तरको अन्तिम मापन गर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनबाट २५ प्रतिशत र बाह्य मूल्याङ्कनबाट ७५ प्रतिशत अङ्कभार निर्धारण गरिएको छ । आन्तरिक मूल्याङ्कनका लागि छुट्याइएको अङ्कभारको विस्तृतीकरण निम्नानुसार छ :

माध्यमिक तह कक्षा ११ र १२ को आन्तरिक मूल्याङ्कनका आधार

क्र.स	**मूल्याङ्कनका क्षेत्र**	**मूल्याङ्कनका क्षेत्रको विस्तृतीकरण**	**अङ्कभार**	**जम्मा अङ्कभार**
१.	**उपस्थिति र कक्षा सहभागिता**	उपस्थिति	१	३
		कक्षा सहभागिता	२	
२.	**(क) सुनाइ, बोलाइ र पढाइ**	निर्दिष्ट विषयवस्तुमा आधारित श्रुतिलेखन	२	**१६**
		दृष्टांश पाठ्यसामग्री सुनाइका आधारमा प्रश्नोत्तर	२	
		अदृष्टांश पाठ्यसामग्री सुनाइका आधारमा प्रश्नोत्तर	२	
		सान्दर्भिक विषयवस्तु वा चित्रको मौखिक प्रतिक्रिया तथा वर्णन	२	
		कथाकथन, घटना, पात्र र परिवेशको वर्णन	२	
		सस्वरवाचन	२	
	(ख) सिर्जनात्मक कार्य र परियोजना कार्य तथा प्रस्तुति	सिर्जनात्मक कार्य	२	
		परियोजना कार्य र प्रस्तुति	२	
३.	**त्रैमासिक परीक्षा**	त्रैमासिक परीक्षा	**६**	**६**
		जम्मा		**२५**

१. सहभागिताको मूल्याङ्कन

सहभागिताबापतको ३ अङ्कभारलाई विद्यार्थीको हाजिरी/उपस्थिति र सिकाइ क्रियाकलापमा सहभागिता तथा सक्रियताको आधारमा मूल्याङ्कन गर्नुपर्छ । सहभागिताबापतको ३ अङ्कभारअन्तर्गत हाजिरी/उपस्थितिबापत १ अङ्कभार र सिकाइ क्रियाकलापमा सहभागिता र सक्रियताबापत २ अङ्कभारमा रुब्रिक्सका आधारमा मूल्याङ्कन गर्नुपर्ने छ। सहभागिताबापत मूल्याङ्कन गर्दा निम्न रुब्रिक्सको प्रयोग गर्न सकिने छ।

सहभागिता (उपस्थिति र सिकाइमा सक्रियता र सहभागिता) : ३ अङ्कभार

क्षेत्र	आधार	व्याख्या	मापन स्केल	अङ्कभार वितरण	प्राप्ताङ्क
१.	उपस्थिति	९० प्रतिशत र सो भन्दा भन्दा बढी उपस्थिति भएमा	सर्वोत्कृष्ट	१	
		८५ प्रतिशत र सो भन्दा बढी तर ९० प्रतिशतभन्दा कम उपस्थिति भएमा	उत्कृष्ट	०.७५	
		८० प्रतिशत र सो भन्दा बढी तर ८५ प्रतिशतभन्दा कम उपस्थिति भएमा	मध्यम	०.५०	
		७५ प्रतिशत र सो भन्दा बढी तर ८० प्रतिशतभन्दा कम उपस्थिति भएमा	सामान्य	०.५	
२.	सिकाइमा सक्रियता र सहभागिता	सिकाइमा जिज्ञासा राखेमा, समूह छलफल र अन्तर्क्रियामा सक्रियतापूर्वक भाग लिएमा, आफ्ना विचार निर्बाध र स्वतन्त्र रूपमा प्रस्तुत गरेमा, दिइएका सम्पूर्ण कार्य स्वयम्ले पूरा गरेमा	सर्वोत्कृष्ट	२	
		सिकाइमा जिज्ञासा राखेमा, समूह छलफल र अन्तर्क्रियामा कम सक्रियतापूर्वक भाग लिएमा, आफ्ना विचार स्वतन्त्र रूपमा प्रस्तुत गरेमा, दिइएका अधिकांश कार्य पूरा गरेमा	उत्कृष्ट	१.५	
		सिकाइमा कम जिज्ञासा राखेमा, समूह छलफल र अन्तर्क्रियामा निर्देशनअनुसार भाग लिएमा, आफ्ना विचार आंशिक रूपमा मात्र प्रस्तुत गरेमा, दिइएका कार्य आधा मात्र पूरा गरेमा	मध्यम	१	
		सिकाइप्रति उदासीन रहेमा, समूह छलफल र अन्तर्क्रियामा सक्रियता नदेखाएमा, आफ्ना विचार प्रस्तुत गर्न साथी वा शिक्षकको सहयोग चाहिएमा, अरूको सहयोगमा दिइएका कार्य पूरा गरेमा	सामान्य	०.५	
जम्मा प्राप्ताङ्क					

२. सुनाइ, बोलाइ र पढाइ भाषिक सिपको मूल्याङ्कन (१२ अङ्कभार)

आन्तरिक मूल्याङ्कनका क्रममा सुनाइ र बोलाइ, सुनाइ र लेखाइ, चित्र र विषयवस्तुमा आधारित बोलाइ, पढाइ सिपसम्बद्ध क्रियाकलाप गराउनुपर्छ । सुनाइ सिपको ४ अङ्कभारलाई विषयवस्तुमा आधारित श्रुतिलेखनवापत् २ अङ्क र पाठ्यसामग्री सुनाइमा आधारित मौखिक प्रश्नोत्तरवापत् २ अङ्कमा विभाजन गरी रुब्रिक्सका आधारमा मूल्याङ्कन गनुपर्छ । बोलाइ सिपको ६ अङ्कभारलाई सान्दर्भिक विषयवस्तु वा चित्रको मौखिक प्रतिक्रिया तथा वर्णनवापत् २ अङ्क, कथाकथन (विषयवस्तु, घटना, पात्र, परिवेश, सन्देश) वापत् २ अङ्क र भाषिक प्रकार्यमा आधारित प्रस्तुतिवापत् २ अङ्कमा विभाजन गरी रुब्रिक्सका आधारमा मूल्याङ्कन गर्नुपर्छ । पढाइ सिपको २ अङ्कभारलाई कुनै पत्रपत्रिका वा कुनै लिखित सामग्रीबाट १५० शब्दसम्मको गद्यांश वा पद्यांश दिएर गति, यति, लय मिलाएर भावानुकूल सस्वरवाचन गर्न लगाई रुब्रिक्सका आधारमा मूल्याङ्कन गनुपर्छ तर रुब्रिक्समा उल्लेखित पक्षलाइ समेटी निर्दिष्ट कार्य गरेता पनि त्यसको गुणस्तर पक्षमा कमजोर लागेमा शिक्षकले स्वविवेक प्रयोग गर्नुपर्ने छ । प्रत्येक पाठ सिकाइ सहजीकरणका क्रममा सुनाइ, बोलाइ, पढाइसम्बद्ध मूल्याङ्कन गर्न सकिने छ ।

सुनाइ, बोलाइ र पढाइ **अङ्कभार १२**				
मूल्याङ्कनका आधार	**परीक्षणीय पक्ष**	**व्याख्या**	**मापन स्केल**	**अङ्क वितरण**
निर्दिष्ट विषयवस्तुमा आधारित श्रुतिलेखन	१२० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्न लगाउने	१२० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्दा वर्णविन्यास र लेख्य चिह्नमा ५ ओटा वा सोभन्दा कम त्रुटि गरेमा	सर्वोत्कृष्ट	२
		१२० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्दा वर्णविन्यास र लेख्य चिह्नमा १० ओटा वा सोभन्दा कम त्रुटि गरेमा	उत्कृष्ट	१.५
		१२० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्दा वर्णविन्यास र लेख्य चिह्नमा १५ ओटा वा सोभन्दा कम त्रुटि गरेमा	मध्यम	१
		१२० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्दा वर्णविन्यास र लेख्य चिह्नमा १५ ओटाभन्दा बढी त्रुटि गरेमा	सामान्य	०.५
दृष्टांश पाठ्यसामग्री सुनाइका आधारमा प्रश्नोत्तर	पाठ्यपुस्तकका सुनाइ पाठ सुनेर मौखिक उत्तर दिन लगाउने	पाठ्यपुस्तकमा दिइएका सुनाइ पाठ सुनेर विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकतामा आधारित भई स्वतन्त्र र मौलिक रूपमा सबै प्रश्नको उत्तर दिएमा	सर्वोत्कृष्ट	२
		पाठ्यपुस्तकमा दिइएका सुनाइ पाठ सुनेर विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकतामा आधारित भई स्वतन्त्र रूपमा अधिकांश प्रश्नको उत्तर दिएमा	उत्कृष्ट	१.५
		पाठ्यपुस्तकमा दिइएका सुनाइ पाठ सुनेर विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकतामा आधारित भई सोधिएकामध्ये आधा प्रश्नको उत्तर दिएमा	मध्यम	१
		पाठ्यपुस्तकमा दिइएका सुनाइ पाठ सुनेर विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकतामा आधारित भई सोधिएकामध्ये आंशिक प्रश्नको उत्तर दिएमा	सामान्य	०.५
अदृष्टांश पाठ्यसामग्री सुनाइका आधारमा प्रश्नोत्तर (अदृष्टांश)	रेडियो, क्यासेट, मोबाइल वा अन्य विद्युतीय सामग्रीबाट समाचार, संवाद, साहित्यिक अभिव्यक्ति, वा अन्य सन्देशमूलक गद्यांश सुनाएर अनुमान, पूर्वानुमान, प्रश्नोत्तर, शब्दबोध, अर्थबोध, सन्दर्भबोध, भावबोध, कथाकथन, घटना वर्णन, मुख्य बुँदा टिपोट आदिसँग सम्बन्धित प्रश्नहरू सोधी भन्न वा लेख्न लगाउने **वा** १५० देखि २०० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश (अदृष्टांश) सुनाएर अनुमान, पूर्वानुमान, प्रश्नोत्तर, शब्दबोध, अर्थबोध, सन्दर्भबोध, भावबोध, कथाकथन, घटना वर्णन, मुख्य बुँदा टिपोट आदिसँग सम्बन्धित प्रश्नहरू सोध्ने	अदृष्टांश सुनाइ पाठ सुनेर (अनुमान, पूर्वानुमान, प्रश्नोत्तर, शब्दबोध, अर्थबोध, सन्दर्भबोध, भावबोध, कथाकथन, घटना वर्णन, मुख्य बुँदा टिपोटमध्ये कुनै एक क्षेत्र) विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकतामा आधारित भई सबै प्रश्नको उत्तर दिएमा	सर्वोत्कृष्ट	२
		अदृष्टांश सुनाइ पाठ सुनेर (अनुमान, पूर्वानुमान, प्रश्नोत्तर, शब्दबोध, अर्थबोध, सन्दर्भबोध, भावबोध, कथाकथन, घटना वर्णन, मुख्य बुँदा टिपोटमध्ये कुनै एक क्षेत्र) विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकतामध्ये अधिकांश पक्ष समेटी अधिकांश प्रश्नको उत्तर दिएमा	उत्कृष्ट	१.५
		अदृष्टांश सुनाइ पाठ सुनेर (अनुमान, पूर्वानुमान, प्रश्नोत्तर, शब्दबोध, अर्थबोध, सन्दर्भबोध, भावबोध, कथाकथन, घटना वर्णन, मुख्य बुँदा टिपोटमध्ये कुनै एक क्षेत्र) विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकतामध्ये आंशिक पक्ष समेटी आधा प्रश्नको उत्तर दिएमा	मध्यम	१
		अदृष्टांश सुनाइ पाठ सुनेर (अनुमान, पूर्वानुमान, प्रश्नोत्तर, शब्दबोध, अर्थबोध, सन्दर्भबोध, भावबोध,	सामान्य	०.५

		कथाकथन, घटना वर्णन, मुख्य बुँदा टिपोटमध्ये कुनै एक क्षेत्र) विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकता जस्ता पक्ष समेटी उत्तर दिन कठिनाइ भएमा		
सान्दर्भिक विषयवस्तु वा चित्रको मौखिक प्रतिक्रिया तथा वर्णन	कुनै विषयवस्तु वा चित्र दिएर मौखिक प्रतिक्रिया दिन वा वर्णन गर्न लगाउने	दिइएको कुनै विषयवस्तु वा चित्रका बारेमा स्पष्टता, प्रस्तुति शैली, शुद्धोच्चारण र हाउभाउसहित मौलिक र स्वतन्त्र रूपमा सिलसिलाबद्ध मौखिक प्रतिक्रिया दिएमा वा वर्णन गरेमा	सर्वोत्कृष्ट	२
		दिइएको कुनै विषयवस्तु वा चित्रका बारेमा स्पष्टता, प्रस्तुति शैली, शुद्धोच्चारण र हाउभाउसहित स्वतन्त्र रूपमा सिलसिलाबद्ध मौखिक प्रतिक्रिया दिएमा वा वर्णन गरेमा	उत्कृष्ट	१.५
		दिइएको कुनै विषयवस्तु वा चित्रका बारेमा स्पष्टता, प्रस्तुति शैली, शुद्धोच्चारण र हाउभाउसहित आंशिक रूपमा मौखिक प्रतिक्रिया दिएमा वा वर्णन गरेमा	मध्यम	१
		दिइएको कुनै विषयवस्तु वा चित्रका बारेमा स्पष्टता, प्रस्तुति शैली, शुद्धोच्चारण र हाउभाउसहित मौखिक प्रतिक्रिया दिन वा वर्णन गर्न कठिनाइ भएमा	सामान्य	०.५
कथाकथन (विषयवस्तु, घटना, पात्र, परिवेश, सन्देश)	विद्यार्थीलाई कुनै कथा सुन्न वा पढ्न लगाएर मौखिक प्रस्तुति गर्न लगाउने	आफूले सुनेका वा पढेका कुनै कथा स्पष्टसँग सिलसिला, शैली र हाउभाउ मिलाई मौलिक र स्वतन्त्र रूपमा प्रस्तुत गरेमा	सर्वोत्कृष्ट	२
		आफूले सुनेका वा पढेका कुनै कथा स्पष्टसँग सिलसिला, शैली र हाउभाउ मिलाई स्वतन्त्र रूपमा प्रस्तुत गरेमा	उत्कृष्ट	१.५
		आफूले सुनेका वा पढेका कुनै कथा स्पष्टसँग सिलसिला, शैली र हाउभाउ मिलाई आंशिक रूपमा प्रस्तुत गरेमा	मध्यम	१
		आफूले सुनेका वा पढेका कुनै कथा स्पष्टसँग सिलसिला, शैली र हाउभाउ मिलाई प्रस्तुत गर्न कठिनाइ भएमा	सामान्य	०.५
सस्वरवाचन	कुनै पत्रपत्रिका वा कुनै लिखित सामग्रीबाट १५० शब्दसम्मको गद्यांश वा पद्यांश दिएर गति, यति, लय मिलाएर भावानुकूल सस्वरवाचन गर्न लगाउने	१५० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश (दृष्टांश) गति, यति, लय, भाव, हाउभाउसहित शुद्धसँग तोकिएको समयमा सस्वरवाचन गरेमा	सर्वोत्कृष्ट	२
		१५० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश (दृष्टांश) गति, यति, लय, भाव, हाउभाउ, शुद्धता र समयमध्ये अधिकांश पक्ष समेटी सस्वरवाचन गरेमा	उत्कृष्ट	१.५
		१५० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश (दृष्टांश) गति, यति, लय, भाव, हाउभाउ, शुद्धता र समयमध्ये आशिंक पक्ष समेटी सस्वरवाचन गरेमा	मध्यम	१
		१५० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश (दृष्टांश) गति, यति, लय, भाव, हाउभाउ, शुद्धता र समय जस्ता तोकिएका पक्ष समेटी सस्वरवाचन गर्न कठिनाइ भएमा	सामान्य	०.५

(ख) सिर्जनात्मक र परियोजना कार्यको मूल्याङ्कन (४ अङ्क)

आन्तरिक मूल्याङ्कनका क्रममा सिर्जनात्मक कार्य र परियोजना कार्यसम्बद्ध क्रियाकलाप गराउनुपर्छ । सिर्जनात्मक कार्यको २ अङ्कभारलाई कथा/कविता/निबन्ध/ जीवनी/संवाद/वक्तृता/रिपोर्ताज/दैनिकीमा निर्देशित र स्वतन्त्र रचना गराउनुपर्छ । परियोजना कार्यको २ अङ्कभारलाई भाषिक सिप विकास सम्बद्ध कुनै लेख/रचना सङ्कलन गरी त्यसका मुख्य विषयवस्तु, घटना र निष्कर्ष प्रस्तुतीकरण गर्न लगाउनुपर्छ । सिर्जनात्मक र परियोजना कार्यको मूल्याङ्कन गर्दा रुब्रिक्सका आधारमा उपलब्धि स्तर मापन गर्नुपर्छ तर रुब्रिक्समा उल्लेखित पक्षलाइ समेटी निर्दिष्ट कार्य गरेता पनि त्यसको गुणस्तर पक्षमा कमजोर लागेमा शिक्षकले स्वविवेक प्रयोग गर्नुपर्ने छ ।

सिर्जनात्मक कार्य र परियोजना कार्य अङ्कभार ४					
मूल्याङ्कनका आधार	**परीक्षणीय पक्ष**	**व्याख्या**	**मापन स्केल**	**अङ्कभार वितरण**	**प्राप्ताङ्क**
सिर्जनात्मक कार्य	विधागत संरचनाको पूर्ण प्रयोग गरी कथा/ कविता/ निबन्ध/ जीवनी/ संवाद/वक्तृता/रिपोर्ताज/दैनिकीमा निर्देशित र स्वतन्त्र रचना गर्न लगाउने	निर्दिष्ट शीर्षकमा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला र सिर्जनात्मक प्रस्तुतिसहित स्तरीय मौलिक रचना गरेमा	सर्वोत्कृष्ट	२	
		निर्दिष्ट शीर्षकमा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला र सिर्जनात्मक प्रस्तुतिसहित मौलिक रचना गरेमा	उत्कृष्ट	१.५	
		निर्दिष्ट शीर्षकमा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला र सिर्जनात्मक पक्षमध्ये आंशिक पक्ष मात्र समेटी रचना गरेमा	मध्यम	१	
		निर्दिष्ट शीर्षकमा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला र सिर्जनात्मक पक्ष समेटी रचना गर्न कठिनाइ भएमा	सामान्य	०.५	
परियोजना कार्य	भाषिक सिप विकास सम्बद्ध कुनै लेख/रचना सङ्कलन गरी त्यसका मुख्य विषयवस्तु, घटना र निष्कर्ष प्रस्तुतीकरण गर्न लगाउने	भाषिक सिप विकास सम्बद्ध कुनै लेख/रचना सङ्कलन गरी त्यसका मुख्य विषयवस्तु, मूलभाव, घटना, पात्र, परिवेश र निष्कर्ष हाउभाउसहित प्रस्तुतीकरण गरेमा	सर्वोत्कृष्ट	२	
		भाषिक सिप विकास सम्बद्ध कुनै लेख/रचना सङ्कलन गरी त्यसका मुख्य विषयवस्तु, मूलभाव, घटना, पात्र, परिवेश र निष्कर्षमध्ये अधिकांश पक्ष समेटी हाउभाउसहित प्रस्तुतीकरण गरेमा	उत्कृष्ट	१.५	
		भाषिक सिप विकास सम्बद्ध कुनै लेख/रचना सङ्कलन गरी त्यसका मुख्य विषयवस्तु, मूलभाव, घटना, पात्र, परिवेश र निष्कर्षमध्ये आशिंक पक्ष समेटी हाउभाउसहित प्रस्तुतीकरण गरेमा	मध्यम	१	
		भाषिक सिप विकास सम्बद्ध कुनै लेख/रचना सङ्कलन गरी त्यसका मुख्य विषयवस्तु, मूलभाव, घटना, पात्र, परिवेश र निष्कर्ष जस्ता पक्ष समेटी हाउभाउसहित प्रस्तुतीकरण गर्न कठिनाइ भएमा		०.५	
	द्रष्टव्य : सिर्जनात्मक र परियोजना कार्य गराउँदा तोकिएका विधामध्येबाट प्रत्येक त्रैमासिकमा विधा नदोहोरिने गरी गराउनुपर्छ ।				

३. त्रैमासिक परीक्षा

तीन महिनाको पठनपाठनपश्चात् संज्ञाात्मक क्षेत्रका सिकाइ उपलब्धिको लेखाजोखा गर्नका लागि विशिष्टीकरण तालिकाका आधारमा सबै तह र प्रकारका प्रश्न तयार गर्नुपर्ने छ । पहिलो त्रैमासिक परीक्षा ७५ पूर्णाङ्कको लिन सकिने छ तर त्यसलाई ६ अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ । त्यसै गरी दोस्रो त्रैमासिक परीक्षा ७५ पूर्णाङ्कमा लिनुपर्ने छ र त्यसलाई पनि ६ अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ । दोस्रो त्रैमासिक (अर्धवार्षिक) परीक्षा लिदा सुरु एकाइदेखि पठनपाठन भएका एकाइसम्मका सबै एकाइबाट विशिष्टीकरण तालिकाका आधारमा प्रश्न सोध्नुपर्ने छ । त्रैमासिक परीक्षा विद्यार्थीको सिकाइ सुधारका लागि आन्तरिक मूल्याङ्कनका रूपमा लिनुपर्ने छ ।

आन्तरिक मूल्याङ्कनका लागि ध्यान दिनुपर्ने पक्ष

आन्तरिक मूल्याङ्कनका लागि प्रत्येक त्रैमासिक वा वार्षिक रूपमा मूल्याङ्कन गर्दा तोकिएको पूर्णाङ्कमा गर्ने । जस्तै : सहभागिताको ३ अङ्कभार, भाषिक सिप
(सुनाइ, बोलाइ, पढाइ) र सिर्जनात्मक र परियोजना कार्यका लागि १६ अङ्कभार र त्रैमासिकका लागि ६ अङ्कभार ।

१. सहभागिताबापतको ४ अङ्कभारका लागि

(क) पहिलो त्रैमासिक अवधिसम्मको सहभागिता वापत ३ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ख) दोस्रो त्रैमासिक अवधिको लागि सहभागिता वापत ३ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ग) दोस्रो त्रैमासिक अवधि पश्चातको अवधिको लागि सहभागिता वापत ३ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्कको अभिलेखीकरण गर्ने

(घ) सहभागिता वापतको वार्षिक अङ्कभार ३ भएकाले माथि उल्लिखित (क), (ख) र (ग) मा प्राप्त अङ्कलाई जोडेर ३ ले भाग गर्दा वार्षिक ३ अङ्कभारमा विद्यार्थीले प्राप्त गरेको सहभागिता वापतको अङ्क प्राप्त हुन्छ । उदाहरणका लागि पहिलो त्रैमासिकमा कुनै विद्यार्थीले सहभागितावापत २ अङ्क, दोस्रो त्रैमासिकको अवधिमा सहभागितावापत ३ अङ्क र दोस्रो त्रैमासिक पश्चातको अवधिमा सहभागितावापत २.५ प्राप्त गरेमा वार्षिक रूपमा उक्त विद्यार्थीले २+३+२.५ = ७.५/३ = २.५ अङ्क प्राप्त पाउँछन् ।

२. भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ) र सिर्जनात्मक र परियोजना कार्यको मूल्याङ्कनका लागि

(क) पहिलो त्रैमासिक अवधिसम्ममा जति पाठ पढाइ हुन्छ ती पाठमा आधारित भएर भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) र सिर्जनात्मक र परियोजना कार्यअन्तर्गत तोकिएका मूल्याङ्कनका आधारअनुसार मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ख) दोस्रो त्रैमासिक अवधिसम्ममा जति पाठ पढाइ हुन्छ ती पाठमा आधारित भएर भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) र सिर्जनात्मक र परियोजना कार्यअन्तर्गत तोकिएका मूल्याङ्कनका आधारअनुसार मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ग) तेस्रो त्रैमासिक अवधिसम्ममा जति पाठ पढाइ हुन्छ ती पाठमा आधारित भएर भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) र सिर्जनात्मक र परियोजना कार्यअन्तर्गत तोकिएका मूल्याङ्कनका आधारअनुसार मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(घ) वार्षिक रूपमा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) र सिर्जनात्मक र परियोजना कार्यको अभिलेखीकरण गर्दा

- पहिलो त्रैमासिक अवधिमा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) र सिर्जनात्मक र परियोजना कार्यको मूल्याङ्कन गर्दा प्राप्त गरेको अङ्क राख्ने । जस्तै : पहिलो त्रैमासिकमा कुनै विद्यार्थीको १६ मा १४ अङ्क प्राप्त भयो ।

- दोस्रो त्रैमासिक अवधिमा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) र सिर्जनात्मक र परियोजना कार्यको मूल्याङ्कन गर्दा प्राप्त गरेको अङ्क राख्ने । जस्तै : दोस्रो त्रैमासिकमा कुनै विद्यार्थीको १६ मा १५ अङ्क प्राप्त भयो ।
- तेस्रो त्रैमासिक अवधिमा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) र सिर्जनात्मक र परियोजना कार्यको मूल्याङ्कन गर्दा प्राप्त गरेको अङ्क राख्ने । जस्तै : तेस्रो त्रैमासिकमा कुनै विद्यार्थीको १६ मा १३ अङ्क प्राप्त भयो ।
- तीनओटै त्रैमासिकको औसत अङ्क निकाल्ने, जस्तै : १४+१५+१३ = ४२/३ = १४ अङ्क प्राप्त भयो ।

३. त्रैमासिक परीक्षाका लागि

संज्ञानात्मक क्षेत्रका सिकाइ उपलब्धिको मापन गर्न त्रैमासिक परीक्षा र बाह्य/अन्तिम परीक्षा कायम गरिएको छ । त्रैमासिक परीक्षाका लागि जम्मा अङ्कभार ६ भएकाले पहिलो र दोस्रो त्रैमासिक परीक्षा ६/६ अङ्कभार नै गर्नुपर्ने हुन्छ । जति बढी अङ्कभारमा परीक्षा सञ्चालन गरियो अर्थात् जति धेरै विषयवस्तुलाई समेटी परीक्षा सञ्चालन गरियो त्यति बढी विषयगत वैधता हुने भएकाले पहिलो त्रैमासिक परीक्षाका लागि ७५ पूर्णाङ्कमा परीक्षा सञ्चालन गरी तोकिएको ६ अङ्कभारमा रूपान्तरण गर्ने र दोस्रो त्रैमासिक परीक्षाका लागि ७५ पूर्णाङ्कमा परीक्षा सञ्चालन गरी तोकिएको ६ अङ्कभारमा रूपान्तरण गर्नुपर्छ ।

English (Grade 9-12)

Introduction

This guideline for internal assessment is fully based on the approved English curriculum for Grade 9-12. The main aim of developing the guideline is to assist teachers for the effective implementation of the internal assessment provision envisioned by the curriculum. The curriculum has stated the following provisions to be carried out for internal assessment.

S. N.	**Assessment area**	**Weightage**
a	Participation (attendance: 1 mark and students' performance in teaching learning activities: 2 marks)	3
b	Listening Test	8
c	Speaking Test	8
d	Terminal test	6

The curriculum has indicated that scores from formative assessment will be taken as the basis of internal assessment. For this, portfolio of each student should be maintained by the teacher. The portfolio consists of the details on students' performance in different assessment areas given above. The record of student's project work, test papers or other proof of the students' performance should be kept in his/her portfolio. The allocation of weightage under each of the assessment areas will be as specified below:

a. Participation

Participation of the learners is to be assessed on the basis of attendance and students' performance in teaching learning activities. It covers student attendance, participation in classroom activities and their performance on class work, homework and project works assigned to them. Student attendance carries 1 mark and the participation of students in learning carries 2 marks. For this, the teacher needs to maintain the record and the same record is to be consulted to award the marks for this area. Both carry 2 marks which are assessed based on the following indicators.

SN	Criteria	Indicator	Mark	Obtained mark
1.	Attendance	90% and above attendance	1	
		85% to below 90% of attendance.	0.75	
		80% to below 85% of attendance	0.5	
		75% to below 80% of attendance.	0.25	
2.	Students' performance in teaching learning activities	Be very curious in learning, have a thorough frequent interaction in discussion, present own creative views and ideas in all activities, complete the entire task oneself	2	
		Be curious in learning, have frequent interaction in discussion, present own creative views and ideas in most of the activities, complete the most of the task oneself	1.5	
		Be somehow curious in learning, have some interaction in discussion, present views and ideas in some of the activities,	1	

		complete the partial task oneself or completes the task with other's help		
		Be less curious in learning, have less interaction in discussion, present partial views and ideas in some of the activities , unable to complete the even the partial task oneself or with other's help	0.5	
Total			3	

b. Listening Test

Testing of listening skills is included in the internal assessment. As per the curricular provision, teachers need to prepare listening tasks themselves so as to assess the students' performance.

Number of Tasks for Listening: 2 (2*4=8 marks)

There will be two listening tasks on two different sound files. Each task should consist of four questions.

Types of sound files

The sound files may contain lectures, talks, presentations, radio/TV broadcasts, podcasts/vodcasts, commentaries, interviews, conversations, short discussions, personal accounts (oral anecdotes, past experiences) narratives (e.g. radio dramas), instructions and directions, factual accounts (e.g. news reports, eye witness accounts) explanations, public announcements, weather forecast, etc.

Note:

- *The sound files should be authentic and clearly articulated at normal speed of delivery. Each sound file should be a maximum of 3 minutes long.*
- *The types of questions include Multiple Choice Questions, Matching; Fill in the Blanks and Short Answer Questions.*

Alternative test method for students with hearing impairment:

For the hearing-impaired students, any one of the tasks (Paragraph writing on a given topic, writing a letter or writing a description of something) can be given.

Time: 20 minutes.

The record of the task and students' performance should be maintained in portfolios.

The tasks, assessment criteria, descriptor or indicators and marking guide are given in the table below. However, a certain task can be assessed through multiple criteria and a teacher can follow them. In such case, an average is to be made for record keeping of the marks.

SN	Tasks	Criteria	Descriptor/Indicator	Mark	Obtained mark
1.	Listening comprehension	Comprehension	Student understands all of the messages (all 4 answers) from the spoken text.	4	
			Student understands most of the message (any 3 answers) from the spoken text.	3	

			Student understands some of the message (any 2 answers) from the spoken text but not all.	2	
			Student understands very few of the main ideas or details from the spoken text.	1	
	Total				

c. Speaking Test

The speaking test will be administered practically in the classroom. It can be done without any formal setting even during the class. However, teacher should have his/her internal advance planning for this. The teacher should prepare the task themselves. The test starts with a greeting and introduction to make the students feel comfortable. The speaking test consists of the following sections and tasks:

1. **Contextual interview or conversation/Describing pictures (4 marks)**

The teacher can use any one of the task: Contextual interview/conversation or describing pictures. The students will be asked at least four questions on their personal affairs and immediate contextual situation i.e. situation created to respond using the exponents of language function. (Introduce yourself. Suppose your friend has recently won the speech contest. How do you congratulate your friend for winning the speech contest? You need to be out of the class for some time. Ask for permission from your teacher. etc). For this type of task, teacher can also make students talk to each other with a partner and assess them.

Instead of the above type of task, the students can also be asked to describe the pictures. For this, the students will be given a picture or a set of pictures. They are expected to describe the picture/s in at least 8 sentences. The teacher marks based on their performances.

2. Speaking on a given topic/presentation of a project work (4 marks)

These two types of tasks are very common and effective in language teaching. These types of tasks are done regularly in course of teaching learning process. Therefore, the teacher can use any one type of the task: speaking on a given topic or presentation of a project work for internal assessment record keeping purposes. For speaking on a given topic, the students will be given a topic like; my school, my hobby, my family, etc. They will get one-minute to think over the topic before speaking on it. This will be done individually.

Instead of the task of speaking on a given topic, presentation of a project work can also be used for assessing students' oral presentation skills. The language project the students do in the class in groups or individually can be used for this.

Time: 10 to 15 minutes per student

Alternative test method for students with visual difficulties:

For students with visual difficulties, ask them to narrate a sequence of events instead of task 2 ‘describing pictures’ above.

Alternative test method for students with speech and hearing difficulties:

For students with speech and hearing difficulties, give a reading comprehension task worth 8 marks.

It will be assessed based on the given rubrics.

SN	Tasks	Descriptor/Indicator	Mark	Obtained mark
1.	Speaking task and project work presentation	Pronunciation is clear and appropriate. Speech is smooth and the speed is normal. Vocabulary is correct and appropriate to the context. Grammar is accurate.	4	
		Pronunciation is mostly clear and appropriate. Speech is mostly smooth and the speed is normal. Vocabulary is mostly correct and appropriate to the context Grammar is accurate most of the time and does not affect understanding.	3	
		Pronunciation is somewhat clear but needs improvement. Speech is somewhat smooth with some pauses. Vocabulary is somewhat correct and appropriate to the context. Vocabulary is limited and often inappropriate to the context.	2	
		Pronunciation is inappropriate. Speech is slow and contains several pauses. Vocabulary is limited and often inappropriate to the context. Several grammatical errors make speech difficult to understand.	1	

It is mandatory for the teachers to maintain the record of the tasks used for assessing students' performance so that it can be presented as portfolio or evidences when asked later.

c. Terminal Test

Terminal test carries 6% marks of marks in the external assessment. At least two terminal tests should be administered and its record should be kept for the external examination. The full marks and weight of written examination of reading and writing (including grammar) will be as per the specification grid developed by Curriculum Development Centre. The marks obtained in the terminal test should be converted to 6% mark and its record should be kept for the final examination. If there are two terminal tests, each terminal test will have the weight of 3 percent. If there are more than two terminal tests, number of any two terminal tests will have to be calculated for the final examination or grade sheet.

General Considerations in Internal Assessment

Internal assessment will be done as a part of teaching learning process. However, for the record keeping purpose, the above mentioned number of tasks should be done at least once during the timeframe of each terminal examination and obtained marks should be recorded in the portfolio. For example, in the duration of first terminal examination, 2 listening and 2 speaking tasks as specified above should be used to assess students' performance as an internal assessment. If more than than once is done during a terminal, an average marks for each assessment areas should be made.

Students' performance in the internal assessment can be recorded as follows:

First/Second Terminal							
SN	Students Name	PAR (3)	Listening (8)	Speaking (8)	Terminal Examination (6)	Total marks obtained	Obtained Grade

The grade sheet should be prepared as per the Letter Grading Implementation Support Manual 2079.

गणित (कक्षा ९-१२)

परिचय

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गर्नुपर्ने छ । सिकाइका लागि मूल्याङ्कन र आन्तारिक मूल्याङ्कनलाई निर्माणात्मक/ निरन्तर मूल्याङ्कनका रूपमा र बाह्य मूल्याङ्कनलाई सैद्धान्तिक मूल्याङ्कनका रूपमा लिइएको छ । आन्तरिक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने हुन्छ । यस्तो मूल्याङ्कनले विद्यार्थीको अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिन्छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले माध्यमिक तहमा आन्तरिक मूल्याङ्कनको २५ प्रतिशत र अन्तिम/बाह्य परीक्षाको ७५ प्रतिशत भार कायम गरी विद्यार्थीको निर्णयात्मक मूल्याङ्कन गरिने स्पष्ट पारेको छ । निर्णयात्मक मूल्याङ्कनको प्रयोजनार्थ आन्तरिक मूल्याङ्कनअन्तर्गत कक्षा सहभागिता, त्रैमासिक परीक्षाहरू र प्रयोगात्मक कार्य/परियोजना कार्यहरूमा विद्यार्थीले प्राप्त गरेको अङ्कलाई आधार मान्नुपर्ने छ । आन्तरिक मूल्याङ्कनबाट प्राप्त अङ्कलाई पृष्ठपोषण प्रदान गरी विद्यार्थीको सिकाइमा सुधार ल्याउनका लागि प्रयोग गर्नुपर्ने छ ।

निर्णयात्मक मूल्याङ्कनको प्रयोजनार्थ आन्तरिक मूल्याङ्कनका आधार यसप्रकार रहेका छन् :

क्र.सं.	आन्तरिक मुल्याङ्कनका आधार	अङ्कभार
१.	कक्षा सहभागिता	३
२.	त्रैमासिक परीक्षाबाट प्राप्त अङ्क	६
३.	प्रयोगात्मक कार्य/परियोजना कार्य	१६
जम्मा		२५

(अ) कक्षा सहभागिता

कक्षा सहभागिताको जम्मा अङ्क ३ रहेको छ जुन विद्यार्थीहरूको हाजिरी र कक्षा क्रियाकलापमा भएको सहभागिताका आधारमा प्रदान गर्नुपर्ने छ ।

विद्यार्थीको कक्षा सहभागिताको स्तरलाई निम्नानुसार अङ्कन गर्नुपर्ने छ :

क्षेत्र	आधार	सुचक	अङ्क	प्राप्ताङ्क
१.	उपस्थिति	९० प्रतिशत र सोभन्दा बढी उपस्थिति भएमा	१	
		८५ प्रतिशत र सोभन्दा बढी तर ९० प्रतिशतभन्दा कम उपस्थिति भएमा	०.७५	
		८० प्रतिशत र सोभन्दा बढी तर ८५ प्रतिशतभन्दा कम उपस्थिति भएमा	०.५०	
		७५ प्रतिशत र सोभन्दा बढी तर ८० प्रतिशतभन्दा कम उपस्थिति भएमा	०.२५	
२.	सिकाइमा सहभागिता	सिकाइमा जिज्ञासा राख्ने, अन्तर्क्रियामा भाग लिने, आफ्नो विचार प्रस्तुत गर्ने, दिइएको कार्य पूरा गरेमा	२	
		उल्लिखित मध्ये कुनै ३ ओटा कार्य गरेमा	१.५	
		उल्लिखित मध्ये कुनै २ ओटा कार्य गरेमा	१	
		उल्लिखित मध्ये कुनै १ ओटा कार्य गरेमा	०.५	
जम्मा				

(आ) त्रैमासिक परीक्षाबाट प्राप्त अङ्क

त्रैमासिक परीक्षा पनि आन्तरिक मुल्याङ्कनकै एक अङ्ग भएकोले विद्यालयले लिने त्रैमासिक परीक्षाका अङ्कलाई पनि आन्तरिक मूल्याङ्कनअन्तर्गत नै समावेश गर्नुपर्ने छ । प्रत्येक कक्षामा कम्तीमा दुई पटक त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्ने छ । त्रैमासिक परीक्षा सञ्चालन गर्दा पठनपाठन भएका हरेक एकाइ/पाठको पठनपाठनपश्चात् पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिलाई समेट्ने गरी तोकिएको विशिष्टीकरण तालिकालाई आधार बनाई संज्ञानात्मक तहको अङ्कभारमा अनुपात मिल्ने गरी प्रश्नपत्र निर्माण गर्नुपर्ने छ । यसरी सञ्चालन गरिएको त्रैमासिक परीक्षाको अङ्कलाई ६ अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ ।

(इ) प्रयोगात्मक कार्य/परियोजना कार्य

प्रत्येक विद्यार्थीले पाठ्यक्रम र पाठ्यपुस्तकमा भएका सबै विषयवस्तुको क्षेत्रअन्तर्गत समावेश भएका प्रयोगात्मक कार्य/परियोजना कार्य गर्नुपर्ने छ । ती कार्यहरूलाई कक्षामा प्रस्तुत गर्नुपर्ने छ । विद्यार्थीले गरेका प्रत्येक प्रयोगात्मक कार्य/परियोजना कार्यको सञ्चालन, प्रस्तुतीकरण र अभिलेखीकरणको मूल्याङ्कनका लागि रुब्रिक्स/श्रेणी मापनको प्रयोग गरी अङ्क दिदै जानुपर्ने छ । यसरी प्राप्त विद्यार्थीको प्राप्ताङ्कलाई एकाइगत रूपमा प्रयोगात्मक कार्य/परियोजना कार्यको समग्र मूल्याङ्कन फाराममा भर्दै जानुपर्ने छ र यसका अभिलेखलाई एउटा फाइलमा व्यवस्थित गरी राख्नुपर्नेछ ।

प्रयोगात्मक कार्य/परियोजना कार्यको मूल्याङ्कनका आधार

क्र.स.	कार्य विवरण	आधार	अङ्क
	प्रयोगात्मक कार्य/परियोजना कार्य	प्रयोगात्मक कार्य/परियोजना कार्य सञ्चालन र कार्यसम्पादन (गणितीय ज्ञानको शुद्धता, कार्य सम्पन्नता, छलफलमा सहभागिता, सामग्रीको स्तरीयता र समयसीमा)	१०
		प्रस्तुतीकरण र अभिलेखीकरण	६

माथि दिइएका मूल्याङ्कनका आधारअनुसार प्रयोगात्मक कार्य/परियोजना कार्यको कार्यसम्पादन स्तरलाई निम्नअनुसार अङ्कन गर्नुपर्ने छ :

(क) प्रयोगात्मक कार्य/परियोजना कार्य सञ्चालन र कार्यसम्पादनस्तरका लागि अङ्कनको आधार

क्षेत्र	आधार	सूचक	अङ्क	प्राप्ताङ्क
१.	गणितीय ज्ञानको शुद्धता	गणितीय वाक्य वा अवधारणाहरूको कुनै त्रुटिबिना सही र स्पष्ट रूपमा कार्य गरेमा	२	
		गणितीय वाक्य लेख्दा वा सङ्केतीकरणमा सामान्य त्रुटि भए तापनि सही तरिकाबाट कार्य गरेमा	१.५	
		सङ्केतीकरणमा सामान्य त्रुटि र उत्तर गलत लेखिए तापनि सही तरिकाबाट कार्य गरेमा	१	
		गणितीय अवधारणा वा सङ्ख्या वा सङ्केतमा लेख्दा त्रुटि भएमा वा कार्यलाई सही तरिकाबाट नगरेमा	०.५	
२.	सामग्रीको स्तरीयता	तयार गरिएको सामग्री (जस्तैं : चार्ट पेपरमा प्रस्तुतीकरण, निर्माण गरिएको सामग्री आदि) उत्कृष्ट, आकर्षक, उपयुक्त र स्पष्ट भएमा	२	
		तयार गरिएको सामग्री आकर्षक, उपयुक्त र स्पष्ट भएमा	१.५	
		तयार गरिएको सामग्री स्पष्ट र त्रुटिरहित भएमा	१	
		तयार गरिएको सामग्रीमा त्रुटि भएमा	०.५	
३.	छलफलमा	साथीहरूसँगको छलफल तथा अन्तरक्रियामा सक्रिय	२	

	सहभागिता	सहभागी भई समूहमा आफ्नो जिम्मेवारी पूरा गरेमा		
		साथीहरूसँगको छलफल तथा अन्तरक्रियामा सक्रिय सहभागी भई समूहमा आफ्नो जिम्मेवारी अधिकांश पूरा गरेमा	१.५	
		साथीहरूसँगको छलफल तथा अन्तरक्रियामा औसत रूपमा सक्रिय सहभागी भई समूहमा आफ्नो जिम्मेवारी कहिलेकाहीँ मात्र पूरा गरेमा	१	
		साथीहरूसँगको छलफल तथा अन्तरक्रियामा केही सहभागी भई समूहमा आफ्नो जिम्मेवारी पूरा नगरेमा	०.५	
४.	कार्यसम्पन्नता	तोकिएको कार्य सही र निर्देशनअनुसार उपयुक्त र सिर्जनशील तरिकाबाट सम्पन्न गरेमा	२	
		तोकिएको कार्य सही र निर्देशनअनुसार उपयुक्त तरिकाबाट सम्पन्न गरेमा	१.५	
		कार्यहरू औसत सही र निर्देशनअनुसार औसत रूपमा उपयुक्त तरिकाबाट सम्पन्न गरेमा	१	
		कार्यमा सहभागिता जनाएको तर कार्य सम्पन्न नगरेमा	०.५	
५.	समय सीमा	चरणबद्ध रूपमा तोकिएकै समयमा कार्य सम्पन्न गरेमा	२	
		चरणबद्ध रूपमा तोकिएको भन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेमा	१.५	
		तोकिएको भन्दा केही बढी समय लगाएर कार्य गरेको भए तापनि चरणबद्ध रूपमा कार्य गर्न समस्या भएमा	१	
		तोकिएको भन्दा केही बढी समय लगाएर कार्य गरेको भए तापनि चरणबद्ध रूपमा कार्य गर्न शिक्षकको पूर्ण सहयोग आवश्यक भएमा ।	०.५	
		जम्मा		

(ख) प्रयोगात्मक कार्य/परियोजना कार्यको प्रस्तुतीकरण र अभिलेखीकरण अङ्कनको आधार

क्षेत्र	**आधार**	**सूचक**	**अङ्क**	**प्राप्ताङ्क**
१.	प्रस्तुतीकरण	आफूले सम्पन्न गरेको कार्यको निर्धक्क र तर्कसहित प्रस्तुत गरेमा	२	
		आफूले सम्पन्न गरेको कार्यको निर्धक्क र व्याख्यासहित प्रस्तुत गरेमा	१.५	
		आफूले सम्पन्न गरेका कार्यको व्याख्यासहित प्रस्तुत गरेमा	१	
		आफूले सम्पन्न गरेको कार्य प्रस्तुत मात्र गरेमा	०.५	
२.	प्रश्नोत्तरमा सहभागिता	शिक्षक र सबै साथीहरूको प्रश्नको सही उत्तर दिएमा	२	
		शिक्षक र केही साथीहरूका मात्र प्रश्नको सही उत्तर दिएमा	१.५	
		शिक्षक र केही साथीहरूको प्रश्नको आंशिक सही उत्तर दिएमा	१	
		शिक्षक र साथीहरूको अधिकांश प्रश्नको गलत उत्तर दिएमा	०.५	

३.	अभिलेखीकरण	कार्यप्रक्रिया र नतिजा स्पष्ट र चरणबद्ध रूपमा सजिलैसँग बुझ्न सक्ने गरी अभिलेखीकरण गरेमा	२	
		कार्यप्रक्रिया र नतिजा स्पष्ट रूपमा बुझ्न सक्ने गरी अभिलेखीकरण गरेमा	१.५	
		कार्यप्रक्रिया र नतिजा आंशिक रूपमा बुझ्न सक्ने गरी अभिलेखीकरण गरेमा	१	
		कार्यप्रक्रिया र नतिजा बुझ्न कठिन हुने गरी अभिलेखीकरण गरेमा	०.५	
जम्मा				

माथि उल्लिखित (क) र (ख) दुवै आधारमध्ये गणितीय ज्ञानको शुद्धता प्रयोगात्मक /परियोजना कार्यअनुसार फरक पर्न सक्ने हुदाँ शिक्षकले यसअन्तर्गत प्रत्येक प्रयोगात्मक/परियोजना कार्यका लागि रुब्रिक्स/श्रेणीमापन आदि साधन विकास गरी मूल्याङ्कन गर्नुपर्ने छ भने बाँकी आधारहरू (सामग्रीको स्तरीयता, छलफलमा सहभागिता, कार्य सम्पन्नता, समयसीमा, प्रस्तुतीकरण, प्रश्नोत्तरमा सहभागिता र अभिलेखीकरण) का सन्दर्भमा भने माथि दिइएकै आधार प्रयोग गर्नुपर्ने छ ।

नमुना रुब्रिक्स

परियोजना कार्य

आफ्नो समुदायका 30 जना मानिसलाई चिया र कफीमध्ये तपाईंलाई कुन मन पर्छ भनी प्रश्न गर्नुहोस् । प्रश्न सोधिएका मानिसबाट प्राप्त उत्तरका आधारमा चिया मन पराउने, कफी मन पराउने, दुवै मन पराउने र कुनै पनि मन नपराउने मानिसको सङ्ख्यालाई भेनचित्रमा प्रस्तुत गरी तलका प्रश्नहरूको उत्तर पत्ता लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् :

(क) कम्तीमा एक पेय पदार्थ मन पराउने मानिसको सङ्ख्या कति रहेछ ?

(ख) कुनै एक मात्र पेय पदार्थ मन पराउने मानिसको सङ्ख्या कति रहेछ ?

क्षेत्र	आधार	सूचक	अङ्क	प्राप्ताङ्क
१.	गणितीय ज्ञानको शुद्धता	समूहको उपयुक्त सङ्केतीकरण, सही गणनासहित स्पष्ट रूपमा भेनचित्रमा प्रस्तुत गरेमा	२	
		समूहको उपयुक्त सङ्केतीकरण र स्पष्ट रूपमा भेनचित्रमा प्रस्तुत गरेको तर गणनामा सामान्य त्रुटि देखिएमा अथवा समूहको सङ्केतीकरणमा त्रुटि देखिएको तर गणना सही रूपमा गरेको र भेनचित्रमा स्पष्ट रूपमा प्रस्तुत गरेमा	१.५	
		सही रूपमा भेनचित्रमा प्रस्तुत गरेको तर समूहको सङ्केतीकरणमा र गणनामा सामान्य त्रुटि देखिएमा अथवा गणना र सङ्केतीकरण सही रूपमा गरेको तर भेनचित्रमा प्रस्तुत गर्दा सामान्य त्रुटि भएमा	१	
		भेनचित्रमा प्रस्तुत गर्दा सामान्य त्रुटि देखिएको, समूहको सङ्केतीकरणमा र गणनामा पनि त्रुटि देखिएमा	०.५	

प्रत्येक प्रयोगात्मक कार्य/ परियोजना कार्यपश्चात् मूल्याङ्कनका लागि तल दिइएको फारमलाई भरी विद्यार्थीको व्यक्तिगत अभिलेखमा अद्यावधिक गर्नुपर्ने छ ।

विद्यार्थीको नाम :　　　　　　　　　　कक्षा :　　　　　　　　　　विषय :

क्र.स.	प्रयोगात्मक/परियोजना कार्य	आधारगत प्राप्ताङ्क								जम्मा प्राप्ताङ्क	शिक्षकको पृष्ठपोषण
		गणितीय ज्ञानको शुद्धता	सामग्रीको स्तरीयता	छलफलमा सहभागिता	कार्य सम्पन्नता	समयसीमा	प्रस्तुतीकरण	प्रश्नोत्तरमा सहभागिता	अभिलेखीकरण		
१.											
२.											
३.											
४.											
५.											

समग्र मूल्याङ्कनका लागि प्रत्येक विद्यार्थीले प्रयोगात्मक/परियोजना कार्यमा प्राप्त अङ्कलाई विषय क्षेत्रगत रूपमा तल दिइएका फारमलाई भरी अभिलेखमा अद्यावधिक गर्नुपर्ने छ।

कक्षा ९ र १० का लागि

कक्षा : विषय :

क्र.स.	विद्यार्थीको नाम	विषयक्षेत्रगत रूपमा परियोजना कार्यको प्राप्ताङ्क							जम्मा प्राप्ताङ्क	परियोजना कार्यको जम्मा सङ्ख्या	वास्तविक प्राप्ताङ्क
		समूह	अङ्कगणित	क्षेत्रमिति	बीजगणित	ज्यामिति	तथ्याङ्कशास्त्र र सम्भाव्यता	त्रिकोणमिति			
१.											
२.											
३.											
४.											
५.											

कक्षा ११ र १२ का लागि

कक्षा :   विषय :

क्र.सं.	विद्यार्थीको नाम	विषयक्षेत्रगत रूपमा परियोजना कार्यको प्राप्ताङ्क							जम्मा प्राप्ताङ्क	परियोजना कार्यको जम्मा सङ्ख्या	वास्तविक प्राप्ताङ्क
		Algebra	Trigonometry	Analytic Geometry	Vectors	Statistics and Probability	Calculus	Computationl method or Mechanics			
१.											
२.											
३.											
४.											
५.											

यसरी प्रत्येक प्रयोगात्मक / परियोजना कार्यहरूको मूल्याङ्कनबाट प्राप्त अङ्कहरूको जोड निकालेर जम्मा प्रयोगात्मक / परियोजना कार्यहरूको सङ्ख्याले भाग गरेर औसत अङ्क निकाल्नुपर्छ, जुन वास्तविक प्राप्ताङ्क हुन्छ । वार्षिक रूपमा प्रयोगात्मक र परियोजना कार्यको मुल्याङ्कन गर्दा वर्षभरि पठनपाठन भएका सबै एकाइमा प्रयोगात्मक र परियोजना कार्यबापत विद्यार्थीले प्राप्त गरेको जम्मा अङ्क निकालेर औसत निकाल्नुपर्ने छ भने त्रैमासिक रूपमा पठनपाठन भएका एकाइमा विद्यार्थीको प्राप्ताङ्क जोडेर औसत निकाल्न सकिने छ ।

विषय : विज्ञान तथा प्रविधि (कक्षा ९(१०)

परिचय

पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उपलब्धि हासिल भएनभएको सुनिश्चत गर्न निरन्तर रुपमा गरिने मूल्याङ्कन नै आन्तरिक मूल्याङ्कन हो । यसअन्तर्गत संज्ञानात्मक, मनोक्रियात्मक (सिपगत) र वैज्ञानिक अभिवृत्तिगत पक्षसम्बन्धी उपलब्धिको लेखाजोखा गर्ने गरिन्छ । आन्तरिक मूल्याङ्कनको मुख्य उद्देश्य सिकाइ क्रियाकलापको निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु र अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न सक्षम बनाउनु हो । सिकाइका लागि तथा सिकाइ स्वयम्को मूल्याङ्कनका रूपमा यस्तो आन्तरिक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनुपर्दछ । आन्तरिक मूल्याङ्कनका लागि कक्षा क्रियाकलाप, प्रयोगात्मक कार्य, परियोजना कार्य, क्षेत्रभ्रमण, मौखिक प्रश्नोत्तर (viva voce), पाठगत, एकाइगत तथा त्रैमासिक परीक्षाहरू, अतिरिक्त तथा सह क्रियाकलाप (विज्ञान क्विज, विज्ञान मेला, विज्ञान प्रदर्शनी, विज्ञान निबन्ध लेखन आदि) गराई उक्त कार्यहरूको आधिकारिक मूल्याङ्कनका साधन (रुब्रिक्सलगायत) द्वारा विद्यार्थीले गरेका उपलब्धिको मूल्याङ्कन गर्न सकिन्छ । विषयवस्तुको प्रत्येक पाठ, क्षेत्र वा एकाइको सिकाइपश्चात् उल्लिखित साधनहरूको प्रयोग गरी सो क्षेत्र वा एकाइमा विद्यार्थीको सिकाइ स्तर पहिचान गरी सिकाइ समस्या भएका विद्यार्थीको सिकाइ सुधारका लागि थप पृष्ठपोषण दिनु पर्दछ । न्यूनतम स्तरको सिकाइ स्तर हासिल भएको सुनिश्चितता नभएसम्म पृष्ठपोषणलाई निरन्तरता टेवा (Scaffolding) पुऱ्याउनुपर्छ । विद्यार्थीको आन्तरिक मूल्याङ्कनको अभिलेखलाई प्रत्येक विद्यार्थीको प्रयोगात्मक पुस्तिका र कार्यसञ्चयिका (Portfolio) मा व्यवस्थित गरी अभिलेखीकरण गर्नुपर्छ ।

पाठ्यक्रममा आन्तरिक मूल्याङ्कनका लागि २५ प्रतिशत भार छुट्याइएको छ । आन्तरिक मूल्याङ्कनअन्तर्गत निम्न आधारहरू निर्धारण गरिएको छ :

माध्यमिक तह कक्षा ९ र १० को आन्तरिक मूल्याङ्कनका आधार

क्र.स.	**प्रयोगात्मक र परियोजना कार्य**	**आन्तरिक मूल्याङ्कनका आधार**	**जम्मा अङ्कभार**
१.	उपस्थिति र कक्षा सहभागिता	उपस्थिति र सिकाइ क्रियाकलापमा सक्रियता र सहभागिता	३
२.	प्रयोगात्मक कार्य	प्रयोगात्मक कार्य सञ्चालन (सामग्री सेटअप, अवलोकन, परीक्षण, तालिकीकरण र निष्कर्ष प्रस्तुतीकरण प्रयोगात्मक कार्यको अभिलेखीकरण	१०
	परियोजना कार्य	परियोजना कार्य सञ्चालन (स्थलगत भ्रमण, चार्ट निर्माण, मोडेल निर्माण र सङ्कलन, सामग्री निर्माण, सोधखोज) प्रस्तुतीकरण परियोजना कार्यको अभिलेखीकरण	६
३.	त्रैमासिक परीक्षा	पठनपाठन भएका सबै एकाइबाट समावेश हुने गरी विशिष्टीकरण तालिकाको आधारमा प्रश्नपत्र बनाई परीक्षा लिने	६
		जम्मा	**२५**

१. सहभागिताको मूल्याङ्कन

सहभागिताबापतको ३ अङ्कभारलाई विद्यार्थीको हाजिरी/उपस्थिति र सिकाइ क्रियाकलापमा सहभागिता तथा सक्रियताको आधारमा मूल्याङ्कन गर्नुपर्छ । सहभागिताबापतको ३ अङ्कभारअन्तर्गत हाजिरी/उपस्थितिबापत १ अङ्कभार र सिकाइ क्रियाकलापमा सहभागिता र सक्रियताबापत २ अङ्कभारमा रुब्रिक्सको आधारमा मूल्याङ्कन गर्नुपर्ने छ। सहभागिताबापत मूल्याङ्कन गर्दा निम्न रुब्रिक्सको प्रयोग गर्न सकिने छ।

सहभागिता (उपस्थिति र सिकाइमा सक्रियता र सहभागिता) : ३ अङ्कभार

क्र.स.	आधार	सूचक	अङ्क	प्राप्ताङ्क
१.	उपस्थिति	९० प्रतिशत र सोभन्दा बढी उपस्थिति भएमा	१	
		८५ प्रतिशत र सोभन्दा बढी तर ९० प्रतिशतभन्दा कम उपस्थिति भएमा	०.७५	
		८० प्रतिशत र सो भन्दा बढी तर ८५ प्रतिशत भन्दा कम उपस्थिति भएमा	०.५	
		७५ प्रतिशत र सोभन्दा बढी तर ८० प्रतिशतभन्दा कम उपस्थिति भएमा	०.२५	
२.	सिकाइमा सक्रियता र सहभागिता	सिकाइमा जिज्ञासा राखेमा, समूह छलफल र अन्तरक्रिया सक्रियतापूर्वक भाग लिएमा, आफ्ना विचार निर्बाध र स्वतन्त्र रूपमा प्रस्तुत गरेमा, दिइएका सम्पूर्ण कार्य स्वयम्ले पूरा गरेमा	२	
		सिकाइमा धेरैजसो जिज्ञासा राखेमा, समूह छलफल र अन्तरक्रियामा कम सक्रियतापूर्वक भाग लिएमा, आफ्ना विचार धेरैजसो स्वतन्त्र रूपमा प्रस्तुत गरेमा, दिइएका अधिकांश कार्य पूरा गरेमा	१.५	
		सिकाइमा कम जिज्ञासा राखेमा, समूह छलफल र अन्तरक्रियामा निर्देशनअनुसार भाग लिएमा, आफ्ना विचार आंशिक रूपमा मात्र प्रस्तुत गरेमा, दिइएका कार्य आधा मात्र पूरा गरेमा	१	
		सिकाइमा जिज्ञासा नराखेमा, समूह छलफल र अन्तरक्रियामा सक्रियता नदेखाएमा, आफ्ना विचार प्रस्तुत गर्न साथी वा शिक्षकको सहयोग चाहिएमा, अरूको सहयोगमा दिइएका कार्य पूरा गरेमा	०.५	
जम्मा			३	

२. प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कन (१६ अङ्कभार)

विज्ञान विषयमा अवधारणागत स्पष्टताको आवश्यकता जति छ, उति नै मात्रामा विज्ञानसँग सम्बन्धित विभिन्न प्रयोगात्मक तथा प्रक्रियागत सिपहरूको विकास हुनु आवश्यक छ । स्थलगत अध्ययन/भ्रमण/सर्भे/खोज, अवलोकन, चित्राङ्कन, प्रयोगात्मक कार्य, मोडल निर्माण तथा परियोजना कार्यका माध्यमबाट विभिन्न सिपहरू हासिल गराउन सकिन्छ । यसको लागि सबै एकाइबाट पाठ्यक्रम र पाठ्यपुस्तकमा दिइएका प्रयोगात्मक र परियोजना कार्य गराउनुपर्ने हुन्छ। प्रत्येक एकाइको प्रयोगात्मक कार्यको लागि जम्मा १० अङ्क र परियोजना कार्यका लागि जम्मा ६ अङ्कमा मूल्याङ्कन गर्नुपर्ने छ। उदाहरणको लागि एकाइ १ को वैज्ञानिक अध्ययनमा जम्मा २ ओटा प्रयोगात्मक र २ ओटा परियोजना कार्य गराइएको छ भने प्रयोगात्मक कार्यको लागि १० अङ्कमा नै मूल्याङ्कनको साधन प्रयोग गरी विद्यार्थीले प्राप्त गरेको अङ्क दिने र परियोजना कार्यको सन्दर्भमा २ ओटा परियोजना कार्यबापत ६ अङ्कमा नै मूल्याङ्कन गरी विद्यार्थीले प्राप्त गरेको अङ्क दिनुपर्ने छ । त्रैमासिक रूपमा प्रयोगात्मक र परियोजना कार्यका मूल्याङ्कनका लागि पठनपाठन भएका एकाइमा विद्यार्थीले प्राप्त गरेको हरेक प्रयोगात्मक र परियोजना कार्यमा प्राप्त अङ्क जोडेर औसत निकाल्नुपर्छ भने वार्षिक रूपमा प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कन गर्दा वर्षभरि पठनपाठन गरेका सबै एकाइमा प्रयोगात्मक र परियोजना कार्यमा विद्यार्थीले प्राप्त गरेको जम्मा अङ्क निकालेर औसत निकाल्नु पर्छ । यदि कुनै एकाइमा प्रयोगात्मक कार्य नभएमा परियोजना कार्यबाट मूल्याङ्कन गर्नुपर्ने हुन्छ । प्रत्येक

परियोजना कार्य र प्रयोगात्मक कार्यको लागि रुब्रिक्स/चेकलिस्ट/श्रेणीमापन आदि साधन विकास गरी मूल्याङ्कन गर्न सकिने छ । प्रत्येक प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कनका लागि निम्नलिखित रुब्रिक्सको प्रयोग गर्न सकिन्छ :

(क) प्रयोगात्मक कार्यको मूल्याङ्कन (रुब्रिक्स) : १० अङ्कभार

प्रत्येक प्रयोगात्मक कार्यको मूल्याङ्कनका लागि निम्न रुब्रिक्स प्रयोग गर्न सकिन्छ :

आधार	सूचक	जम्मा अङ्क	प्राप्ताङ्क
प्रयोगात्मक कार्य सञ्चालन	प्रयोगात्मक कार्यका सबै चरण पूरा गरी सही नतिजा निकालेमा	४	
	प्रयोगात्मक कार्यका धेरैजसो चरण पूरा गरी सही नतिजा निकालेमा	३	
	प्रयोगात्मक कार्य गरेको तर सही नतिजा निकाल्न नसकेमा	२	
	प्रयोगात्मक कार्य गर्ने प्रयास मात्र गरेमा	१	
प्रस्तुतीकरण	चरणबद्ध रूपमा क्रियाकलापको प्रस्तुतीकरण गरेमा र सोधिएको सबै प्रश्नको तर्क दिन सकेमा	२	
	धेरैजसो चरणहरू समेटेर क्रियाकलापको प्रस्तुतीकरण गरेको र धेरैजसो प्रश्नको तर्क दिन सकेमा	१.५	
	आंशिक रूपमा क्रियाकलापको प्रस्तुतीकरण गर्ने प्रयास मात्र गरेमा र केही प्रश्नको मात्र तर्क दिन सकेमा	१	
	प्रस्तुतीकरण गर्ने प्रयास मात्र गरेमा र तर्क नमिलेमा	०.५	
अभिलेखीकरण	क्रमबद्ध र सही तरिकाले ढाँचाअनुसार सबै कार्यको अभिलेख राखेमा	४	
	क्रमबद्ध र सही तरिकामध्ये कुनै एकलाई ध्यान दिई धेरैजसो कार्यका अभिलेखीकरण राखेमा	३	
	गरिएका प्रयोगात्मक कार्यमध्ये आधा जति कार्यको अभिलेख राखेमा	२	
	केही कार्यको मात्र अभिलेखीकरण राख्ने प्रयास गरेमा	१	
जम्मा अङ्कभार	**१०**		

नोट : *प्रयोगात्मक कार्यका चरणहरू पाठ्यपुस्तकमा दिइएको छ । यदि पाठ्यपुस्तकमा नभएको तर पाठ्यक्रमअनुसारको प्रयोगात्मक कार्य भए शिक्षकले प्रयोगात्मक कार्य गर्ने वर्कसिट तयार गर्नुपर्ने छ । वर्कसिटमा भएका चरणहरू अनुसार विद्यार्थीले प्रयोगात्मक कार्य गर्नुपर्ने छ र सोहीअनुसार माथिको रुब्रिक्सअनुसार मूल्याङ्कन गर्नुपर्ने छ ।*

(ख) परियोजना कार्यको मूल्याङ्कन (रुब्रिक्स) : ६ अङ्कभार

प्रत्येक परियोजना कार्यको मूल्याङ्कनका लागि निम्नानुसारको रुब्रिक्स प्रयोग गर्न सकिन्छ :

आधार	**सूचक**	**जम्मा अङ्क**	**प्राप्तांक**
परियोजन कार्य सञ्चालन	तोकिएको प्रक्रिया पूरा गरी परियोजना कार्य सम्पन्न गरेको र अपेक्षित उद्देश्य प्राप्ति भएमा	२	
	तोकिएको मध्ये धेरैजसो प्रक्रिया पूरा गरी परियोजना कार्य सम्पन्न गरेको र अपेक्षित उद्देश्य धेरैजसो प्राप्ति भएमा	१.५	
	आंशिक प्रक्रिया पूरा गरी परियोजना कार्य गरेमा	१	
	परियोजना कार्य गर्ने प्रयास गरेमा	०.५	
प्रस्तुतीकरण	चरणबद्ध रूपमा क्रियाकलापको प्रस्तुतीकरण गरेमा र सोधिएको सबै प्रश्नको तर्क दिन सकेमा	२	
	धेरैजसो चरणहरू समेटेर क्रियाकलापको प्रस्तुतीकरण गरेको र धेरैजसो प्रश्नको तर्क दिन सकेमा	१.५	
	आंशिक रूपमा क्रियाकलापको प्रस्तुतीकरण गर्ने प्रयास मात्र गरेमा र केही प्रश्नको मात्र तर्क दिन सकेमा	१	
	प्रस्तुतीकरण गर्ने प्रयास मात्र गरेमा र तर्क नमिलेमा	०.५	
अभिलेखीकरण र समय सीमा	क्रमबद्ध, सफा, सही तरिकाले तोकिएको समयमा अभिलेख राखेमा	२	
	क्रमबद्ध, सफा, सही तरिकाले तोकिएको समयमा अभिलेख राख्नेमध्ये कुनै तीन कार्य गरेमा	१.५	
	क्रमबद्ध, सफा, सही तरिकाले तोकिएको समयमा अभिलेख राख्नेमध्ये कुनै दुई कार्य गरेमा	१	
	क्रमबद्ध, सफा, सही तरिकाले तोकिएको समयमा अभिलेख राख्ने मध्ये कुनै एक कार्य गरेमा	०.५	
जम्मा अङ्कभार		६	

नोट : *तोकिएको प्रक्रिया भन्नाले पाठ्यपुस्तकमा दिइएअनुसारको दिइएको विधिको प्रयोग गर्ने भन्ने बुझिन्छ,जस्तै : कुनै हर्बेरियम बनाउने, कुनै चित्र बनाउने, कुनै मोडेल बनाउने, कुनै क्षेत्र भ्रमण गरी प्रतिवेदन तयार गर्ने, कुनै अवलोकन गरी प्रतिवेदन तयार गर्ने, कुनै सोधखोज गरी प्रतिवेदन तयार गर्ने आदि ।*

प्रयोगात्मक र परियोजना कार्यको अभिलेखीकरणको लागि निम्न फारामको प्रयोग गर्न सकिन्छ :

प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कन अभिलेखीकरण फाराम (कक्षा ९)

विद्यार्थीको नाम : विषय : कक्षा : रोल्नं :

क्र.स.	एकाइ	प्रयोगात्मक कार्य (१० अङ्क)			परियोजना कार्य (६ अङ्क)			कैफियत
		जम्मा प्रयोगात्मक कार्यको सङ्ख्या	विद्यार्थीले गरेका सङ्ख्या	प्राप्त अङ्क	जम्मा परियोजना कार्यको सङ्ख्या	विद्यार्थीले गरेका सङ्ख्या	प्राप्त अङ्क	
१.	वैज्ञानिक अध्ययन							
२.	सजीवहरूको वर्गीकरण							
३.	जीवन चक्र							
४.	क्रम विकास							
५.	शारीरिक संरचना र जीवन प्रक्रिया							
६.	प्रकृति र वातावरण							
७.	बल र चाल							
८.	यन्त्र							
९.	ऊर्जा							
१०.	तरङ्ग							
११.	विद्युत्							
१२.	ब्रह्माण्ड							
१३.	सूचना तथा सञ्चार प्रविधि							
१४.	परमाणु संरचना र रासायनिक बन्ड							
१५.	रासायनिक प्रतिक्रिया							
१६.	ग्याँसहरू							
१७.	धातु र अधातु							
१८	कार्बन र यसका यौगिकहरू							
१९.	दैनिक जीवनमा प्रयोग हुने रसायनहरू							
जम्मा								
औसत								

नोट : *यदि कुनै विद्यार्थीले प्रयोगात्मक वा परियोजना कार्य गर्न नसकेकामा वा अनुपस्थित भएको भए कैफियत महलमा लेख्नुपर्ने छ ।*

प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कन अभिलेखीकरण फाराम (कक्षा १०)

विद्यार्थीको नाम :　　　　विषय :　　　　कक्षा :　　　　रोल्नं :

क्र.स.	**एकाइ**	**प्रयोगात्मक कार्य (१० अङ्क)**			**परियोजना कार्य (६ अङ्क)**			**कैफियत**
		जम्मा प्रयोगात्मक कार्यको सङ्ख्या	**विद्यार्थीले गरेका सङ्ख्या**	**प्राप्त अङ्क**	**जम्मा परियोजना कार्यको सङ्ख्या**	**विद्यार्थीले गरेका सङ्ख्या**	**प्राप्त अङ्क**	
१.	वैज्ञानिक अध्ययन							
२.	सजीवहरूको वर्गीकरण							
३.	जीवन चक्र							
४.	वंशानुक्रम							
५.	शारीरिक संरचना र जीवन प्रक्रिया							
६.	प्रकृति र वातावरण							
७.	बल र चाल							
८.	यन्त्र							
९.	तप							
१०.	तरङ्ग							
११.	विद्युत्							
१२.	ब्रह्माण्ड							
१३.	सूचना तथा सञ्चार प्रविधि							
१४.	तत्त्वहरूको वर्गीकरण							
१५.	रासायनिक प्रतिक्रिया							
१६.	ग्याँसहरू							
१७.	धातु							
१८.	हाइड्रोकार्बन र यसका यौगिकहरू							
१९	दैनिक जीवनमा प्रयोग हुने रसायनहरू							
जम्मा								
औसत								

३. त्रैमासिक परीक्षा

तीन महिनाको पठनपाठनपश्चात् संज्ञाात्मक क्षेत्रका सिकाइ उपलब्धिको लेखाजोखा गर्नका लागि विशिष्टीकरण तालिकाका आधारमा सबै तह र प्रकारका प्रश्न तयार गर्नुपर्ने छ । पहिलो त्रैमासिक परीक्षा ७५ पूर्णाङ्कको लिन सकिने छ तर त्यसलाई ६ अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ । त्यसै गरी दोस्रो त्रैमासिक परीक्षा ७५ पूर्णाङ्कमा लिनुपर्ने छ र त्यसलाई पनि ६ अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ । दोस्रो त्रैमासिक (अर्धवार्षिक) परीक्षा लिँदा सुरु एकाइदेखि पठनपाठन भएको एकाइसम्मका सबै एकाइबाट प्रश्न सोध्नुपर्ने छ । त्रैमासिक परीक्षा विद्यार्थीको सिकाइ सुधारका लागि आन्तरिक मूल्याङ्कनका रूपमा लिनुपर्ने छ ।

आन्तरिक मूल्याङ्कनका लागि ध्यान दिनुपर्ने पक्ष

आन्तरिक मूल्याङ्कनका लागि प्रत्येक त्रैमासिक वा वार्षिक रूपमा मूल्याङ्कन गर्दा तोकिएको पूर्णाङ्कमा गर्ने । जस्तैः सहभागिताको ३ अङ्कभार, प्रयोगात्मक र परियोजना कार्यका लागि १६ अङ्कभार र त्रैमासिकका लागि ६ अङ्कभार ।

१. सहभागिताबापतको ३ अङ्कभार लागि

(क) पहिलो त्रैमासिक अवधिसम्मको सहभागिताबापत ३ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ख) दोस्रो त्रैमासिक अवधिका लागि सहभागिताबापत ३ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ग) दोस्रो त्रैमासिक अवधिपश्चात्को अवधिको लागि सहभागिताबापत ३ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्कको अभिलेखीकरण गर्ने

(घ) सहभागिताबापतको वार्षिक अङ्कभार ३ भएकाले माथि उल्लिखित (क), (ख) र (ग) मा प्राप्त अङ्कलाई जोडेर ३ ले भाग गर्दा वार्षिक ३ अङ्कभारमा विद्यार्थीले प्राप्त गरेको सहभागिताबापतको अङ्क प्राप्त हुन्छ । उदाहरणका लागि पहिलो त्रैमासिकमा कुनै विद्यार्थीले सहभागिताबापत २ अङ्क, दोस्रो त्रैमासिकको अवधिमा सहभागिताबापत ३ अङ्क र दोस्रो त्रैमासिकपश्चात्को अवधिमा सहभागिताबापत २.५ प्राप्त गरेमा वार्षिक रूपमा उक्त विद्यार्थीले २+३+२.५ =७.५/३ = २.५ अङ्क प्राप्त पाउँछन् ।

२. प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कनका लागि

(क) पहिलो त्रैमासिक अवधिमा प्रयोगात्मक र परियोजना कार्यका लागि जम्मा अङ्कभार १६ मा नै मूल्याङ्कन गर्ने । यसका लागि प्रत्येक एकाइमा गराइएका प्रयोगात्मक कार्यका लागि १० अङ्कभार र परियोजना कार्यका लागि ६ अङ्कभारमा माथि उल्लिखित रुब्रिक्सको आधारमा मूल्याङ्कन गर्ने

(ख) पहिलो त्रैमासिक अवधिमा कक्षा ९ मा ६ ओटा एकाइ पठनपाठन भएको छ भने

(अ) ६ ओटै एकाइमा प्रयोगात्मक कार्यमा विद्यार्थीले पाएको अङ्कभार जोड्ने, जस्तै : पहिलोदेखि छैटौँ एकाइमा विद्यार्थीले प्रयोगात्मक कार्यमा पाएको अङ्क क्रमशः ८+ ९+८+८+८+७= ४८/६ = ८

(आ) ६ ओटै एकाइमा परियोजना कार्यमा विद्यार्थीले पाएको अङ्कभार जोड्ने र औसत अङ्क निकाल्ने । जस्तै : पहिलोदेखि छैटौँ एकाइमा विद्यार्थीले परियोजना कार्य पाएको अङ्क क्रमशः ४.५+५.५+५+५+५+५ = ३०/६ = ५

(इ) अब पहिलो त्रैमासिक अवधिमा प्रयोगात्मक र परियोजना कार्य दुवैमा विद्यार्थीले पाएको अङ्क १३ भयो ।

यसै गरी दोस्रो त्रैमासिक अवधिको प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कन गर्दा दोस्रो त्रैमासिक अवधिमा पठनपाठन भएका सबै एकाइमा प्रयोगात्मक र परियोजना कार्यबापत पाएको अंक जोडेर एकाइको सङ्ख्याले भाग गर्दा दोस्रो त्रैमासिकको प्रयोगात्मक र परियोजना कार्यको अङ्क प्राप्त हुन्छ ।

(ई) वार्षिक रूपमा प्रयोगात्मक र परियोजना कार्यको अभिलेखीकरण गर्दा

- पठनपाठन भएका सबै एकाइमा विद्यार्थीले प्रयोगात्मक र परियोजना कार्यको अङ्क जोडेर एकाइको सङ्ख्याले भाग गर्ने
-

नोट : प्रत्येक विद्यार्थीले सम्पादन गरेका प्रयोगात्मक तथा परियोजना कार्यको शीर्षकको अभिलेख शिक्षकले व्यवस्थित गर्नुपर्ने छ । अभिलेखको खाकालाई निम्नानुसार प्रस्तुत गरिएको छ ?

क्र.स.	विद्यार्थीको नाम	प्रयोगात्मक/परियोजना कार्यको शीर्षक	कैफियत

३. त्रैमासिक परीक्षाका लागि

संज्ञाात्मक क्षेत्रका सिकाइ उपलब्धिको मापन गर्न त्रैमासिक परीक्षा र बाह्य/अन्तिम परीक्षा कायम गरिएको छ । त्रैमासिक परीक्षाको लागि जम्मा अङ्कभार ६ भएकाले पहिलो र दोस्रो त्रैमासिक परीक्षा ६/६ अङ्कभार नै गर्नुपर्ने हुन्छ । जति बढी अङ्कभारमा परीक्षा सञ्चालन गरियो अर्थात् जति धेरै विषयवस्तुलाई समेटी परीक्षा सञ्चालन गरियो त्यति बढी विषयगत वैधता (content validity) हुने भएकोले पहिलो त्रैमासिक परीक्षाको लागि ७५ पूर्णाङ्कमा परीक्षा सञ्चालन गरी तोकिएको ६ अङ्कभारमा रुपान्तरण गर्ने र दोस्रो त्रैमासिक परीक्षाको लागि ७५ पूर्णाङ्कमा परीक्षा सञ्चालन गरी तोकिएको ६ अङ्कभारमा रूपान्तरण गर्नुपर्छ ।

त्रैमासिक परीक्षाको वार्षिक अङ्कभार ६ भएकाले पहिलो त्रैमासिक परीक्षामा पाएको अङ्कभारलाई आधा गर्ने र दोस्रो त्रैमासिक परीक्षामा अङ्कभारलाई आधा गरी जम्मा ६ अङ्कभारमा पाएको अङ्क राख्ने । जस्तै : पहिलो त्रैमासिक परीक्षा ७५ पूर्णाङ्कमा कुनै विद्यार्थीले ६० पाएको थियो र ६ मा रूपान्तरण गर्दा ४.८ भयो र दोस्रो त्रैमासिक परीक्षा ७५ पूर्णाङ्कमा उक्त विद्यार्थीले ६५ अङ्क पायो र ६ मा रूपान्तरण गर्दा ५.२ अङ्क प्राप्त भयो । वार्षिक रूपमा त्रैमासिक परीक्षाको अङ्क निकाल्दा प्रत्येक

त्रैमासिकमा पाएको अङ्कलाई आधा आधा गरेर जोड्ने वा दुवै त्रैमासिक परीक्षामा प्राप्त गरेको अङ्क जोडेर २ ले भाग गर्ने । जस्तै माथि दिइएको विवरणअनुसार ४.८+५.२ = १०/२ = ५

विज्ञान तथा प्रविधि विषयको त्रैमासिक रूपमा नतिजा निकाल्दा (माथिको विवरणका आधारमा)

क्र.स.	विद्यार्थीको नाम	सहभागिता (३)	प्रयोगात्मक र परियोजना कार्य (१६)	त्रैमासिक परीक्षा (६)	जम्मा प्राप्तांक	प्राप्त ग्रेड
१	विनोद अधिकारी	२.५	१३	५	२०.५	**A**

दोस्रो त्रैमासिक र वार्षिकको आन्तरिक मूल्याङ्कनलाई समेत यसै आधारमा लेखाजोखा गर्न सकिन्छ । ग्रेड सिट तयार गर्ने तरिका लेटर ग्रेडिङ कार्यान्वयन सहयोग पुस्तिका २०७९ मा दिइएअनुसार गर्नुपर्ने छ ।

सामाजिक अध्ययन (कक्षा ९–१०)
सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा (कक्षा ११ –१२)

परिचय

मूल्याङ्कन सिकाइ अवस्थाको लेखाजोखा गर्ने क्रमबद्ध प्रक्रिया हो । विद्यार्थीको सिकाइ उपलब्धिको निरन्तर मूल्याङ्कन गर्नुपर्दछ । यसरी मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नु जरुरी हुन्छ । जुन निर्माणात्मक मूल्याङ्कनको अभिप्राय हो । वर्तमान विद्यालय शिक्षाको पाठ्यक्रमले आन्तरिक र बाह्य मूल्याङ्कनको व्यवस्था गरेको छ । आन्तरिक मूल्याङ्कन पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निरन्तर रूपमा गरिने मूल्याङ्कन हो । यस मूल्याङ्कनले विद्यार्थीको सिकाई अवस्थामा सुधार ल्याउन मदत गर्दछ । आन्तरिक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु र अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न सक्षम बनाउनु हो । सिकाइका लागि तथा सिकाइ स्वयम्को मूल्याङ्कनका रूपमा रहने यस्तो आन्तरिक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनुपर्दछ । आन्तरिक मूल्याङ्कनका लागि हाजिरी, कक्षा सहभागीता, कक्षा कार्य, परियोजना कार्य र प्रयोगात्मक काय क्षेत्र भ्रमण, अभिभावक सम्पर्क र छलफल, मौखिक प्रश्नोत्तर, पाठगत, एकाइगत तथा त्रैमासिक परीक्षाहरू, सहकार्यकलाप (हाजिरी जवाफ, वादविवाद, कविता, मान्यता, लोकगित प्रतियोगिता, परम्परागत पोशाक प्रदर्शनी, लोकनृत्य प्रतियोगिता, गराई उक्त कार्यहरूको आधिकारिक मूल्याङ्कनका साधन (रुब्रिक्सलगायत) द्वारा विद्यार्थीले गरेका उपलब्धिको मूल्याङ्कन गर्न सकिन्छ । विषयवस्तुको प्रत्येक पाठ, क्षेत्र वा एकाइको सिकाइपश्चात् उल्लिखित साधनहरूको प्रयोग गरी सो क्षेत्र वा एकाइमा विद्यार्थीको सिकाइ स्तर पहिचान गरी सिकाइ समस्या भएका विद्यार्थीको सिकाइ सुधारका लागी थप पृष्ठपोषण दिनु पर्दछ । न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न निरन्तर पृष्ठपोषण र फरक सिकाइ क्रियाकलाप र रणनीतिलाई उपयोग गर्नुपर्दछ । समस्यामूलयक र आवश्यकतामा आधारित भई निदानात्मक मूल्याङ्कनलाई समेत जोड दिई सिकाइ सुनिश्चितताको प्रत्याभूति गर्नुपर्दछ । विद्यार्थी गरेका विभिन्न क्रियाकलाप, तयार पारेका सामग्री र व्यवहार परिवर्तनका पक्षहरूलाई कार्यसञ्चयिका (Portfolio) मा व्यवस्थित गरी अभिलेखीकरण गर्नुपर्छ । सो अभिलेखलाई विद्यार्थीको वास्तविक मूल्याङ्कनको आधारका रूपमा उपयोग गर्नुपर्दछ ।

सामाजिक अध्ययन पाठ्यक्रम (कक्षा ९-१०) र सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा पाठ्यक्रम कक्षा ११–१२) मा आन्तरिक मूल्याङ्कनका लागि २५ प्रतिशत भार छुट्याइएको छ । आन्तरिक मूल्याङ्कनअन्तर्गत निम्न आधारहरू निर्धारण गरिएको छ :

माध्यमिक तह कक्षा ९ - १० एवम् कक्षा ११–१२ को आन्तरिक मूल्याङ्कनका आधार

क्र.स.	**प्रयोगात्मक र परियोजना कार्य**	**आन्तरिक मूल्याङ्कनका आधारहरू**	**जम्मा अङ्कभार**
१.	उपस्थिति र सिकाइ सहभागिता	• उपस्थिति र सिकाइ क्रियाकलापमा सक्रियता र सहभागिता	३
२.	परियोजना/प्रयोगात्मक कार्य	• परियोजना/प्रयोगात्मक कार्यको पुर्णता • सिर्जनशिलता • विषयवस्तुको प्रस्तुति • सहकार्य, जिम्मेवारी र समयपालना • अभिलेख व्यवस्थापन	१६

३	त्रैमासिक परीक्षा	• तोकिएको अवधिमा पठनपाठन भएका सबै एकाइबाट विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्र तयार गरी परीक्षा लिने र सुधारका लागि पृष्ठपोषण दिने	६
जम्मा			२५

१. सहभागिताको मूल्याङ्कन

सहभागिताबापतको ३ अङ्कभारलाई विद्यार्थीको हाजिरी/उपस्थिति र सिकाइ क्रियाकलापमा सहभागिता तथा सक्रियताको आधारमा मूल्याङ्कन गर्नुपर्छ । सहभागिताबापतको ३ अङ्कभारअन्तर्गत हाजिरी/उपस्थितिबापत १ अङ्कभार र सिकाइ क्रियाकलापमा सहभागिता र सक्रियताबापत २ अङ्कभारमा रुब्रिक्सको आधारमा मूल्याङ्कन गर्नुपर्ने छ। सहभागिताबापत मूल्याङ्कन गर्दा निम्न रुब्रिक्सको प्रयोग गर्न सकिने छ।

सहभागिता (उपस्थिति र सिकाइमा सक्रियता र सहभागिता) : ३ अङ्कभार

क्र.स.	आधार	सूचक	अङ्क	प्राप्ताङ्क
१.	उपस्थिति	९० प्रतिशत र सोभन्दा बढी उपस्थिति भएमा	१	
		८५ प्रतिशत र सोभन्दा बढी तर ९० प्रतिशतभन्दा कम उपस्थिति भएमा	०.७५	
		८० प्रतिशत र सोभन्दा बढी तर ८५ प्रतिशतभन्दा कम उपस्थिति भएमा	०.५०	
		७५ प्रतिशत र सोभन्दा बढी तर ८० प्रतिशतभन्दा कम उपस्थिति भएमा	०.२५	
२.	सिकाइमा सक्रियता र सहभागिता	सिकाइमा जिज्ञासा राख्ने, अन्तरक्रियामा भाग लिने, आफ्नो विचार प्रस्तुत गर्ने, दिइएको कार्य पूरा गर्ने गरेमा	२	
		उल्लिखित मध्ये कुनै ३ ओटा कार्य गरेमा	१.५	
		उल्लिखित मध्ये कुनै २ ओटा कार्य गरेमा	१	
		उल्लिखित मध्ये कुनै १ ओटा कार्य गरेमा	०.५	
जम्मा			३	

२. प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कन (१६ अङ्कभार)

सामाजिक अध्ययनले विभिन्न सामाजिक विज्ञानका विषयवस्तुमा आधारित भई विभिन्न सामाजिक मूल्य, सिप र व्यवहार परिवर्तनको अपेक्षा गरेको हुन्छ । यी पक्षहरूको विकासमा अवलोकन भ्रमण, खोज, सामुदायिक कार्य, वानी व्यवहारमा परिवर्तन, नक्सा, चार्ट, तालिका वा ग्राफको निर्माण, प्रयोगात्मक कार्य, तथा परियोजना कार्यजस्ता सहभागितामूलक सिकाइ रणनिति र विधिहरुको अवलम्बन गर्नुपर्ने हुन्छ । यसको लागि सबै एकाइबाट पाठ्यक्रम र पाठ्यपुस्तकमा दिइएका परियोजना/ प्रयोगात्मक कार्य गराउनुपर्ने हुन्छ । प्रत्येक एकाइको परियोजना /प्रयोगात्मक कार्यका लागि जम्मा १६ अङ्कमा मूल्याङ्कन गर्नुपर्ने छ ।

त्रैमासिक रूपमा परियोजना ⁄प्रयोगात्मक कार्यको मूल्याङ्कनका लागि पठनपाठन भएका एकाइमा विद्यार्थीले प्राप्त गरेको हरेक परियोजना ⁄प्रयोगात्मक कार्यमा प्राप्त अङ्क जोडेर औसत निकाल्नुपर्छ । पहिलो त्रैमासिकमा परियोजना कार्य / प्रयोगात्मक कार्यको मूल्याकन गर्दा सो अवधिमा गरिएका परियोजना / प्रयोगात्मक कार्यमा विद्यार्थीले प्राप्त गरेको जम्मा अङ्कको औसत निकाल्नु पर्दछ भने दोस्रो त्रैमासिकका हकमा पहिलो त्रैमासिक पछि र दोस्रो त्रैमासिकको अवधिमा गरिएका परियोजना / प्रयोगात्मक कार्यमा विद्यार्थीले प्राप्त गरेका जम्मा अङ्कको मात्र औसत निकाली मूल्याङ्कन गर्नुपर्छ । वार्षिक रूपमा परियोजना⁄ प्रयोगात्मक कार्यको मूल्याङ्कन गर्दा वर्ष भरी पठनपाठन गरेका सबै एकाइमा परियोजना र प्रयोगात्मक कार्यमा विद्यार्थीले प्राप्त गरेको जम्मा अङ्क निकालेर सवै परियोजना कार्य / प्रयोगात्मक कार्यको सङ्ख्याले भाग गरेर औसत निकाल्नु पर्छ । यदि कुनै एकाइमा परियोजना ⁄प्रयोगात्मक कार्य दुवै गर्नुपर्ने भएमा सो बेहोरा खुलाएर मूल्याङ्कन गर्नुपर्ने हुन्छ । प्रत्येक परियोजना कार्य⁄ प्रयोगात्मक कार्यका लागि रुब्रिक्स⁄चेकलिस्ट⁄श्रेणीमापन आदि साधन विकास गरी मूल्याङ्कन गर्न सकिने छ । प्रत्येक परियोजना⁄प्रयोगात्मक कार्यको मूल्याङ्कनको लागि निम्नलिखित रुब्रिक्सको प्रयोग गर्न सकिन्छ :

(क) परियोजना / प्रयोगात्मक कार्यको मूल्याङ्कन (रुब्रिक्स) : १६ अङ्कभार

प्रत्येक परियोजना / प्रयोगात्मक कार्यको मूल्याङ्कनको लागि निम्नानुसारको रुब्रिक्स प्रयोग गर्न सकिन्छ :

आधार	सूचक	जम्मा अङ्क	प्राप्तांक
परियोजना / प्रयोगात्मक कार्य तयारी	परियोजना / प्रयोगात्मक कार्य सफा, सङ्गठित र बुझ्न सहज भएको र सवै आवश्यक ढाँचा वा प्रक्रिया पूरा गरेको	४	
	परियोजना / प्रयोगात्मक कार्यको अधिकांश कार्य सफा, सङ्गठित र वुझ्न सहज भएको र सबै आवश्यक ढाँचा वा प्रक्रिया पूरा गरेको	३	
	परियोजना / प्रयोगात्मक कार्यको केही कार्य मात्र सफा, सङ्गठित भएको र केही भागमात्र बुझ्न सहज भएको र केही मात्र आवश्यक ढाँचा वा प्रक्रिया पूरा गरेको	२	
	परियोजना / प्रयोगात्मक कार्य सफा, सङ्गठित र बुझ्न सहज नभएको र अधिकांश आवश्यक ढाँचा वा प्रक्रिया पूरा नगरेको	१	
विषयवस्तुको प्रस्तुती	विषयवस्तु स्पष्ट र उपयुक्त रही उच्च सिकाइ स्तर प्रदर्शन गरेमा	४	
	अधिकांश विषयवस्तु स्पष्ट र उपयुक्त रही मध्यम सिकाइ स्तर प्रदर्शन गरेमा	३	
	केही विषयवस्तु मात्र स्पष्ट र उपयुक्त रही र विद्यार्थीको सामान्य सिकाइ स्तर प्रदर्शन गरेमा	२	
	कुनै पनि विषयवस्तु स्पष्ट, उपयुक्त नभएको र विद्यार्थीको कमजोर सिकाई स्तर प्रदर्शन गरेमा	१	
सिर्जनशिलता	परियोजना / प्रयोगात्मक कार्यमा धेरै सिर्जनशिलता, सोच र समयको प्रयोग भएको	२	
	परियोजना / प्रयोगात्मक कार्यमा केही सिर्जनशिलता, सोच र समयको प्रयोग भएको	१.५	
	परियोजना / प्रयोगात्मक कार्यमा थोरै सिर्जनशिलता, सोच र	१	

	समयको प्रयोग भएको		
	परियोजना / प्रयोगात्मक कार्यमा एकदमै थोरै सिर्जनशिलता, सोच र समयको प्रयोग भएको	**०.५**	
सहकार्य , जिम्मेवारी, सक्रियता र समय पालना	परियोजना / प्रयोगात्मक कार्य तयार पार्दा समूहमा वा व्यक्तिगत रूपमा उच्च र नियमति रूपमा सक्रिय रही तोकिएको जिम्मेवारी समयमा पूरा गरेमा	**२**	
	परियोजना / प्रयोगात्मक कार्य तयार पार्दा समूहमा वा व्यक्तिगत रूपमा धेरै जसो कार्यमा नियमित सक्रियता प्रदर्शन गरी तोकिएको जिम्मेवारी समयमा पूरा गरेमा	**१.५**	
	परियोजना / प्रयोगात्मक कार्य तयार पार्दा समूहमा वा व्यक्तिगत रूपमा कहिलेकाहि मात्र सक्रियता प्रदर्शन गरेको र तोकिएको जिम्मेवारी समयभन्दा केही ढिला पूरा गरेमा	**१**	
	परियोजना/ प्रयोगात्मक कार्य तयार पार्दा समूहमा वा व्यक्तिगत रूपमा सक्रिय नरहेको र तोकिएको जिम्मेवारी समेत पूरा गरेमा	**०.५**	
कक्षामा प्रस्तुतीकरण	शिक्षक र अन्य विद्यार्थीमाझ उपयुक्त स्वर र आँखाको सम्पर्क (Eye contact) कायम राखी तार्किक प्रस्तुतीकरण गरेमा	**२**	
	कहिलेकाहीँ मात्र शिक्षक र अन्य विद्यार्थीमाझ उपयुक्त स्वर र आँखाको सम्पर्क (Eye contact) कायम राखी अधिकांश प्रस्तुतीकरण तार्किक रूपमा गरेमा	**१.५**	
	शिक्षक र अन्य विद्यार्थीमाझ सानो स्वर र आक्कल झुक्कल मात्र आँखाको सम्पर्क (Eye contact) कायम गरी सामान्य तार्किक प्रस्तुतीकरण गरेमा	**१**	
	शिक्षक र अन्य विद्यार्थीमाझ सारै सानो स्वरमा प्रस्तुतीकरण गरेको र आँखाको सम्पर्क (Eye contact) कायम नरहनुको साथै तार्किक प्रस्तुतीकरण एकदम कमजोर रहेमा	**०.५**	
अभिलेखीकरण	क्रमबद्ध र सही तरिकाले नियमित अभिलेख राखेमा	**२**	
	अभिलेख राखेको तर प्रक्रियामा कमजोरी रहेको	**१.५**	
	अभिलेख नियमित राख्ने नगरिएको र प्रक्रियामा धेरै कमजोरी रहेको	**१**	
	अभिलेख राख्ने प्रयास मात्र गरेमा	**०.५**	
जम्मा अङ्कभार		**१६**	

परियोजना / प्रयोगात्मक कार्यको अभिलेखीकरणका लागि निम्न फारामको प्रयोग गर्न सकिन्छ :

परियोजना / प्रयोगात्मक कार्यको मूल्याङ्कन अभिलेखीकरण फाराम (कक्षा ९-१०)

विद्यार्थीको नाम : विषय : कक्षा : रोल्नं :

एकाइ	परियोजना/ प्रयोगात्मक कार्य (१६ अंक)			कैफियत
	जम्मा प्रयोगात्मक कार्यको सङ्ख्या	विद्यार्थीले गरेका सङ्ख्या	प्राप्त अङ्क	
१.हामी र हाम्रो समाज				
२. विकास र विकासको पुर्वाधार				
३.हाम्रो परम्परा एवम् सामाजिक मूल्य र मान्यता				
४.सामाजिक समस्या र समाधान				
५. नागरिक चेतना				
६.हाम्रो पृथ्वी				
७.हाम्रो विगच				
८.हाम्रो आर्थिक क्रियाकलाप				
९.हाम्रो अन्तराष्ट्रिय सम्बन्ध र सहयोग				
१०. जनसङ्ख्या परिचय र व्यवस्थापन				
जम्मा				
औषत				

परियोजना / प्रयोगात्मक कार्यको मूल्याङ्कन अभिलेखीकरण फाराम (कक्षा ११)

विद्यार्थीको नाम : विषय : कक्षा : रोल्नं :

एकाइ	**परियोजना/प्रयोगात्मक कार्य (१६ अङ्क)**			**कैफियत**
	जम्मा परियोजना/प्रयोगात्मक कार्यको सङ्ख्या	विद्यार्थीले गरेका सङ्ख्या	प्राप्त अङ्क	
१. सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाको अवधारणा				
२.जीवनोपयोगी सिपको रूपमा डिजिटल सिपहरू तथा सामान्य अनुसन्धान सिप				

३.जीवनोपयोगी सिप				
४.मानव समाजको उद्भव र विकास				
५.भूगोल र सामाजिक जीवन				
६.विश्वको इतिहास				
७.सामाजिक पहिचान र विविधता				
८.संविधान र नागरिक सचेतना				
९.बस्ती, जनसङ्ख्या र विकास				
१०.अर्थतन्त्र र विकास				
११.स्वास्थ्य र सामाजिक विकास				

परियोजना / प्रयोगात्मक कार्यको मूल्याङ्कन अभिलेखीकरण फाराम (कक्षा १२)

विद्यार्थीको नाम : विषय : कक्षा : रोल्नं :

एकाइ	**परियोजना/प्रयोगात्मक कार्य (१६ अंक)**			**कैफियत**
	जम्मा परियोजना/प्रयोगात्मक कार्यको सङ्ख्या	विद्यार्थीले गरेका सङ्ख्या	प्राप्त अङ्क	
१.सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाको अध्ययन विधि				
२. जीवनोपयोगीसिपको रूपमा डिजिटल सिपहरू तथा सामान्य अनुसन्धान सिप				
३. जीवनोपयोगी सिप				
४.मानव समाजको उद्भव र विकास				
५.भूगोल र सामाजिक जीवन				
६.नेपालको इतिहास				

७.सामाजिक पहिचान र विविधता				
८.संविधान र नागरिक सचेतना				
९.बसाइँसराइ र सहरीकरण				
१०.अर्थतन्त्र र विकास				
११.शिक्षा र सामाजिक विकास				

आन्तरिक मूल्याङ्कन अभिलेखीकरण फाराम (कक्षा ९-१२)

विद्यार्थीको नाम : **विषय :** **कक्षा :** **रोल्नं :**

३. त्रैमासिक परीक्षा

तीन महिनाको पठनपाठनपश्चात् संज्ञाात्मक क्षेत्रका सिकाइ उपलब्धिको लेखाजोखा गर्नका लागि विशिष्टीकरण तालिकाका आधारमा सबै तह र प्रकारका प्रश्न तयार गर्नुपर्ने छ । पहिलो त्रैमासिक परीक्षा ५० पूर्णाङ्कको लिन सकिने छ तर त्यसलाई ६ अङ्कभारमा रुपान्तरण गर्नुपर्ने छ । त्यसै गरी दोस्रो त्रैमासिक परीक्षा ७५ पूर्णाङ्कमा लिनुपर्ने छ र त्यसलाई पनि ६ अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ । दोस्रो त्रैमासिक परीक्षा लिदा सुरु एकाइदेखि पठनपाठन भएको एकाइसम्मका सबै एकाइबाट प्रश्न सोध्नुपर्ने छ । त्रैमासिक परीक्षा विद्यार्थीको सिकाइ सुधारका लागि आन्तरिक मूल्याङ्कनका रूपमा लिनुपर्ने छ ।

आन्तरिक मूल्याङ्कनको लागि ध्यान दिनुपर्ने पक्षहरु

आन्तरिक मूल्याङ्कनका लागि प्रत्येक त्रैमासिक वा वार्षिक रूपमा मूल्याङ्कन गर्दा तोकिएको पूर्णाङ्कमा गर्ने । जस्तै : सहभागिताको ३ अङ्कभार, परियोजना/ प्रयोगात्मक कार्यका लागि १६ अङ्कभार र त्रैमासिकका लागि ६ अङ्कभार

१. सहभागिताबापतको ३ अङ्कभार लागि

(क) पहिलो त्रैमासिक अवधिसम्मको सहभागिताबापत ३ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ख) दोस्रो त्रैमासिक अवधिको लागि सहभागिताबापत ३ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ग) दोस्रो त्रैमासिक अवधि पश्चातको अवधिका लागि सहभागिताबापत ३ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्कको अभिलेखीकरण गर्ने

(घ) सहभागिताबापतको वार्षिक अङ्कभार ३ भएकाले माथि उल्लिखित (क), (ख) र (ग) मा प्राप्त अङ्कलाई जोडेर ३ ले भाग गर्दा वार्षिक ३ अङ्कभारमा विद्यार्थीले प्राप्त गरेको सहभागिताबापतको अङ्क प्राप्त हुन्छ । उदाहरणका लागि पहिलो त्रैमासिकमा कुनै विद्यार्थीले सहभागितावापत २ अङ्क, दोस्रो त्रैमासिकको अवधिमा सहभागितावापत ३ अङ्क र दोस्रो त्रैमासिक पश्चातको अवधिमा सहभागिताबापत २.५ प्राप्त गरेमा वार्षिक रूपमा उक्त विद्यार्थीले २+३+२.५ =७.५/३ = २.५ अङ्क प्राप्त पाउँछन् ।

२. प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कनका लागि

(क) पहिलो त्रैमासिक अवधिमा परियोजना/ प्रयोगात्मक कार्यका लागि जम्मा अङ्कभार १६ मा नै मूल्याङ्कन गर्ने । यसका लागि प्रत्येक एकाइमा १६ अङ्कभारमा माथि उल्लिखित रुब्रिक्सका आधारमा मूल्याङ्कन गर्ने

(ख) पहिलो त्रैमासिक अवधिमा कक्षा ९ मा ३ ओटा एकाइ पठनपाठन भएको छ भने ३ ओटै एकाइमा प्रयोगात्मक कार्यमा विद्यार्थीले पाएको अङ्कभार जोड्ने । जस्तै : पहिलोदेखि तेस्रो एकाइमा विद्यार्थीले परियोजना / प्रयोगात्मक कार्यमा पाएको अङ्क क्रमशः १४+१६+१५= ४५/३ = १५ अंक प्राप्त भयो ।

(ग) यसै गरी दोस्रो त्रैमासिक अवधिको परियोजना /प्रयोगात्मक कार्यको मूल्याङ्कन गर्न सकिन्छ ।

(घ) वार्षिक रूपमा परियोजना/प्रयोगात्मक कार्यको अभिलेखीकरण गर्दा

- पहिलो त्रैमासिक अवधिमा परियोजना/ प्रयोगात्मक कार्यको मूल्याङ्कन गर्दा प्राप्त गरेको औसत अङ्क राख्ने । जस्तै : माथि दिइएअनुसार १५ अङ्क

- दोस्रो त्रैमासिक अवधिमा परियोजना/ प्रयोगात्मक कार्यको मूल्याङ्कन गर्दा प्राप्त गरेको औसत अङ्क (पहिलो त्रैमासिकमा गरेजस्तै गरी) राख्ने । मानौं मूल्याङ्कन गर्दा १४ अङ्क प्राप्त भयो ।
- दोस्रो त्रैमासिक अवधिपश्चात्का परियोजना/ प्रयोगात्मक कार्यको मूल्याङ्कन गरी प्राप्त अङ्क राख्ने । मानौ मूल्याङ्कन गर्दा १३ अङ्क प्राप्त भयो । अब तीनऔटै अवधिमा मूल्याङ्कन गर्दा प्राप्त गरेको अङ्कजोडेर वार्षिक रूपमा प्रयोगात्मक र परियोजना कार्यबापत पाएको अङ्क निकाल्ने जस्तै : १५+१४+१३ = ४२/३ = १४

३. त्रैमासिक परीक्षाको लागि

- संज्ञात्मक क्षेत्रका सिकाइ उपलब्धिको मापन गर्न त्रैमासिक परीक्षा र बाह्य परीक्षा कायम गरिएको
  छ । त्रैमासिक परीक्षाका लागि जम्मा अङ्कभार ६ भएकले पहिलो र दोस्रो त्रैमासिक परीक्षा ६/६ अङ्कभार नै गर्नुपर्ने हुन्छ । जति बढी अङ्कभारमा परीक्षा सञ्चालन गरियो अर्थात् जति धेरै विषयवस्तुलाई समेटी परीक्षा सञ्चालन गरियो त्यति बढी विषयगत वैधता हुने भएकाले पहिलो त्रैमासिक परीक्षाको लागि ५० पूर्णाङ्कमा परीक्षा सञ्चालन गरी तोकिएको ६ अङ्कभारमा रुपान्तरण गर्ने र दोस्रो त्रैमासिक परीक्षाको लागि ७५ पूर्णाङ्कमा परीक्षा सञ्चालन गरी तोकिएको ६ अङ्कभारमा रूपान्तरण गर्नुपर्छ ।
- त्रैमासिक परीक्षाको वार्षिक अङ्कभार ६ भएकाले पहिलो त्रैमासिक परीक्षामा पाएको अङ्कभारलाई आधा गर्ने र दोस्रो त्रैमासिक परीक्षामा अङ्कभारलाई आधा गरी जम्मा ६ अङ्कभारमा पाएको अङ्क राख्ने । जस्तै : पहिलो त्रैमासिक परीक्षा ५० पूर्णाङ्कमा कुनै विद्यार्थीले ४० पाएको थियो र ६ मा रुपान्तरण गर्दा ४.८ भयो र दोस्रो त्रैमासिक परीक्षा ७५ पूर्णाङ्कमा उक्त विद्यार्थीले ६५ अङ्क पायो र ६ मा रूपान्तरण गर्दा ५.२ अङ्क प्राप्त भयो । वार्षिक रुपमा त्रैमासिक परीक्षाको अङ्क निकाल्दा प्रत्येक त्रैमासिकमा पाएका अङ्कलाई आधा आधा गरेर जोड्ने वा दुवै त्रैमासिक परीक्षामा प्राप्त गरेको अङ्क जोडेर २ ले भाग गर्ने । जस्तै माथि दिइएको विवरणअनुसार ४.८+५.२ = १०/२ = ५

सामाजिक अध्ययन विषयको त्रैमासिक रूपमा नतिजा निकाल्दा (माथिको विवरणका आधारमा)

क्र.स.	विद्यार्थीको नाम	सहभागिता (३)	प्रयोगात्मक र परियोजना कार्य (१६)	त्रैमासिक परीक्षा (६)	जम्मा प्राप्ताङ्क	प्राप्त ग्रेड
१	संगिता राम	२.५	१४	५	२१.५	**A**

दोस्रो त्रैमासिक र वार्षिकको आन्तरिक मूल्याङ्कनलाई समेत यसै आधारमा लेखाजोखा गर्न सकिन्छ । ग्रेड सिट तयार गर्ने तरिका लेटर ग्रेडिङ कार्यान्वयन सहयोग पुस्तिका २०७९ मा दिइएअनुसार गर्नुपर्ने छ ।